


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकसेन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

सोमबार, साउन ३०, २०७४ | Monday, August 14, 2017 | www.newsofnepal.com | नेसं ११३७ गुँला गाः ७ | वर्ष २३, अंक २१६ | पृष्ठ १२ | मूल्य रू. १०/–

# महामारीको त्रास

## बाढी र पहिरोमा परी ७४ को मृत्यु, ५६ बेपत्ता, ४८ हजार घर डुबानमा, ५ लाख मानिस प्रभावित





जिल्ला ब्युरो, काठमाडौं

अविरल वर्षासँगै आएको बाढी र पहिरोमा परी ७४ जनाको मृत्यु भएको छ भने ५६ जना बेपत्ता भएका छन्। बाढी र पहिरोले ४८ हजार ५ सय ५६ घर डुबानमा परेका छन् भने २१ हजार ४ सय ६५ जना विस्थापित भएका छन्। बाढीपहिरोबाट २ हजार ६ सय ९८ घर पूर्णरूपमा क्षति भएका छन्। त्यस्तै झन्डै ५ लाख मानिस प्रभावित भएका छन्। बाढीपहिरोमा परेर ३ हजार ७ सय ३१ पशु चौपाया मारिएका छन्।

बाढी र पहिरोको कारण पाँचथर, मोरङ, सप्तरी, महोत्तरी, सर्लाही, पर्सा, रौतहट, मकवानपुर, सिन्धुली, पाल्पा, नवलपरासी, बाँके, बर्दिया, दाङ, सल्यान, चितवन, रुकुम, कालिकोट, धनुषालगायतका जिल्लामा मानवीय क्षतिका साथै अरबौंको भौतिक क्षति भएको गृह मन्त्रालयको केन्द्रीय कमान्ड पोस्टले जानकारी दिएको छ।

मुलुकका मुख्य राजमार्ग पहिरो र बाढीले बगाएका कारण राजधानीसँग बिच्छेद भएको छ। बाढीका कारण पूर्वी नेपाल सबैभन्दा बढी प्रभावित भएको छ। उद्धार गरिएका जनतालाई सुरक्षित स्थानमा राखिएको भए पनि पिउने पानी र खाद्यान्नको अभाव भएका कारण बालबालिका र वृद्धहरू भोकका कारण बिरामी पर्न थालेको स्थानीय संवाददाताहरूले जनाएका छन्। वर्षा नरोकिएका कारण उद्धार टोली सहज ढंगले जान नसक्दा बाढी प्रभावित क्षेत्रमा महामारी फैलिने डर उत्पन्न भएको छ।

पूर्वी नेपालका अधिकांश भूभाग जलमग्न हुँदा त्यहाँको अवस्था भयावह हुँदै गएको छ। पूर्वी तराईमा ३० वर्ष पछिको सबैभन्दा ठूलो वर्षा भएका कारण पूर्वी तराईका जिल्लाहरू बढी प्रभावित भएको गृह मन्त्रालयले जानकारी दिएको छ।

मुलुकका मुख्य नदी तथा सहायक नदीमा पानीको बहाव उच्च हुँदै गएपछि स्थानीय प्रशासनले समयमा नै खबर गर्न नसकेका कारण बढी मानवीय क्षति भएको छ। सरकारले बाढीपहिरोपीडितको उद्धारका लागि नेपाल प्रहरीको ८ हजार ५ सय, नेपाली सेना २ हजार १ सय, सशस्त्र प्रहरी बल ८ हजार परिचालन गरेको छ। नेपाली सेनाले प्रतिकूल मौसममा पनि ३ वटा हेलिकोप्टरबाट उद्धार गरेको जनाएको छ। सैनिक प्रवक्ता सहायक रथी झंकर कठायतका अनुसार आइतबार मात्रै बाढीका कारण विभिन्न ठाउँमा फसेका १ हजार जनाको उद्धार गरिएको छ।

तीनवटै सुरक्षा निकायका दक्ष जनशक्ति र आपत्कालीन उद्धारका समानहरू प्रयोग गरेर उद्धार गरेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक पुष्कर कार्कीले जानकारी दिनुभयो। अहिले बाढी र पहिरोको जोखिममा परेकालाई उद्धार गरेर सुरक्षित ठाउँमा पठाउने काम भएको सशस्त्र प्रहरी बलका प्रवक्ता सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजु अर्यालले जानकारी दिनुभयो।

अबिरल रूपमा परेको वर्षा कम हुँदै गएका कारण उद्धार कार्यमा केही सहजता आएको प्रहरीले जानकारी दिएको छ। अहिले उद्धार कार्यमा खटिएका सुरक्षा निकायले एकीकृत रूपमा उद्धार कार्यलाई तीव्रता दिएको उहाँले जानकारी दिनुभयो।

त्यस्तै चितवनकै पर्यटकीय क्षेत्र सौराहमा रहेको विभिन्न होटलमा अलपत्र परेका ६ सय विदेशी पर्यटकलाई संयुक्त सुरक्षा फौजले उद्धार गरी सुरक्षित गन्तव्य स्थानतर्फ पठाएको थियो।

**रौतहटमा मात्रै ९ को मृत्यु, ५ बेपत्ता**

रौतहट संवाददाताका अनुसार अविरल वर्षा र बाढीले रौतहटमा ९ जनाको मृत्यु भएको छ भने ५ जना बेपत्ता भएका छन्। मृत्यु हुनेमा एक गर्भवती महिलासहित ९ जना रहेका छन्। प्रसूति गराउन राजपुर फरहदवा स्वास्थ्य संस्थामा लैजाने क्रममा भारतीय जिपलाई बाढीले कटान गरेको स्थानबाट बगाउँदा परोहा गाउँपालिका-३ लौकाहाका चन्दन यादव र उनकी २८ वर्षीया पत्नी शर्मिला यादवलाई अस्पतालमा सुरक्षित प्रसूति गराउन उनकी आमा सुमित्रा देवी, ५ वर्षीया छोरी छोटु कुमारी, भतिजा सरोज यादव र भाउजू ललिता देवीको मृत्यु भएको छ।

यस्तै दुर्गा भगवती गाउँपालिका-६ गंगापिपरा निवासी कौशिल्या देवी, देवाही गोनाही गाउँपालिका-२ निवासी जगिया देवी, इशनाथ गाउँपालिका-९ औरयाका सकिल देवानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। जिल्लाको विभिन्न भागमा गरी ६ जना बेपत्ता भएको प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीले बताउनुभयो। बेपत्ताको खोजी भइरहेको उहाँले बताउनुभयो। उता रौतहटको सदरमुकाम गौरमा दश फिटसम्म पानी जमेको छ। सरकारी कार्यालय सबै डुबानमा परेका छन्। विद्युत् अवरुद्ध भएको छ। टेलिफोन र मोबाइलको नेटवर्क पनि अवरुद्ध भएको छ। विद्यालयहरू खुल्न सकेका छैनन्। रौतहटको सबै नगरपालिका र गाउँपालिका गरी ८० प्रतिशतभन्दा बढी भाग डुबानमा रहेको छ।

यसैबीच खोलाको बाढीले राष्ट्रिय राजमार्ग जोड्ने धन्सार पुलको पश्चिम भाग कटान गरेपछि गन्तव्यमा जाने सवारीसाधन रोकिएको छ। पूर्वपश्चिम राजमार्गस्थित रौतहट र बारा जिल्लाको सिमाना छुट्याने उक्त पुलको पश्चिम भागको २० मिटर सडक कटान गरेपछि यातायातका साधन सञ्चालन हुन सकेका छैनन्। उक्त पुल नजिकको सडक कटान भएपछि सवारीसाधन चन्द्रनिगाहपुर र निजगढमा रोकिएको मध्यक्षेत्रीय ट्राफिक प्रहरी कार्यालय पथलैयाले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## अझै वर्षाको जोखिम

काठमाडौं, (नेस)

गत सातादेखिको निरन्तर सक्रिय बनेको मनसुन मुलुकको पूर्वी भेगमा केही कमजोर बन्दै गए पनि मध्य भेग र पश्चिमी क्षेत्रमा मनसुनको प्रभाव फैलिएको छ। मध्य क्षेत्र र पश्चिमका तराईलगायत धेरै स्थानमा निरन्तर वर्षा हुने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

'आइतबार साँझदेखि नै मध्य र पश्चिमी क्षेत्रमा मनसुन सक्रिय हुने गतिविधि विकास भएको छ', महाशाखाका मौसमविद् बरुण पौडेलले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'केही स्थानमा भारी वर्षाको सम्भावनासमेत छ।'

(क्रमशः पृष्ठ ९ मा)

## कांग्रेस सांसदको १ महिनाको तलब

काठमाडौं, (नेस)

बाढीपीडितहरूको सहयोगार्थ नेपाली कांग्रेसका सांसदहरूले एक महिनाको पारिश्रमिक प्रदान गर्ने भएका छन्।

केही दिनदेखि परेको अविरल वर्षाका कारण ठूलो जनधनको क्षति भएपछि आइतबार बसेको नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको आकस्मिक बैठकले कांग्रेसका सांसदहरूको एक महिनाको पारिश्रमिक बाढीपीडित उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो।

(क्रमशः पृष्ठ ९ मा)

## ३६५ जनालाई हेलिकोप्टरमा उद्धार

चितवन, (नेस)

पश्चिम चितवनको जगतपुरमा रहेको आशा बालगृहमा राप्तीको बाढी पसेपछि त्यहाँ रहेका विद्यार्थी, शिक्षक र कर्मचारीलाई नेपाली सेनाको हेलिकोप्टरबाट उद्धार गरिएको छ।

बालगृहलाई बीचमा पारेर राप्तीको भङ्गालो बगेपछि त्यहाँ ३ सय ६५ जनालाई हेलिकोप्टरबाट उद्धार गरिएको चितवनका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले बताउनुभयो।

## मृतकका परिवारलाई २ लाख


काठमाडौं, (नेस)

सरकारले अविरल वर्षाका कारण आएको बाढीपहिरोमा परी निधन भएका व्यक्तिका परिवारलाई जनही २ लाख रुपियाँ दिने निर्णय गरेको छ। आइतबार राति बसेको मन्त्रिपरिषद्को बैठकले राहत र उद्धार कार्यलाई तीव्ररुपमा अगाडि बढाउने निर्णयसमेत गरेको छ।

बाढीपहिरोबारे एमाले र माओवादीको निर्देशन — पृष्ठ ५

बाढीपहिरोसम्बन्धी थप समाचार — पृष्ठ ६

कर्मचारीलाई बिदा नलिन निर्देशन — पृष्ठ ९



# महानगर

स्वभाविक नै हो, लायनवादमा लाग्नेले सर्भिस, फेलोसिप र लिडरसिप तीनवटै कुरामा आफूलाई अब्बल बनाएको हुन्छ। यसकारण पनि नेतृत्वका लागि चाहना र इच्छा जोकोहीले पनि राख्न सक्छन्, मलाई लाग्छ प्रतिस्पर्धामा नै क्षमताको विकास हुन्छ। काम गर्ने चाहे त्यो पुरानो होस् या नयाँ, अवसर क्षमता हुने सबैले पाउँछन्।



# "विश्वकै १ नम्बर भन्दा गौरव भो"



**बालकृष्ण बुर्लाकोटी**
मल्टिपल काउन्सिल चेयरपर्सन एवम् डिस्ट्रिक्ट ३२५ बी १ नेपालका निवर्तमान डिस्ट्रिक्ट गभर्नर

एमजेएफ लायन बालकृष्ण बुर्लाकोटी मल्टिपल डिस्ट्रिक्ट ३२५ नेपालका मल्टिपल काउन्सिल चेयरपर्सन एवम् डिस्ट्रिक्ट ३२५ बी १ नेपालका निवर्तमान डिस्ट्रिक्ट गभर्नर रहनुभएको छ। उहाँ सन २००८/०९ मा लायन्स क्लब अफ काठमाडौं गोङगबुको चार्टर प्रेसिडेन्टका रुपमा लायनवादमा प्रवेश गर्नुभएको हो। लायन्सका विभिन्न पदमा रही लायन वर्ष २०१६/१७ मा डिस्ट्रिक्ट गभर्नर हुनुभएका बुर्लाकोटीले नेपालको लायन्स इतिहासमा विश्व रेकर्ड राख्न सफल हुनुभएको छ। २ सय १० राष्ट्रमा आफ्नो सञ्जाल फैलाएको विश्वको सबैभन्दा ठूलो सामाजिक संस्थामा रहेका ७ सय ५० डिस्ट्रिक्टमध्ये डिस्ट्रिक्ट ३२५ बी १ नेपाललाई विश्वकै सर्वोकृष्ट डिस्ट्रिक्ट बनाउन सफल लायन वर्ष २०१६/१७ का सफल गभर्नर बुर्लाकोटीसँग नेपाल समाचारपत्रका लागि पोखरा प्रतिनिधि **टंकराज अधिकारी**ले गर्नुभएको कुराकानी :

लायन्स क्लबले सञ्चालन गरेका आँखा शिविर, स्वास्थ्य शिविर, स्वास्थ्य सम्बन्धी जनचेतना, दादुरा रुबेला सम्बन्धी खोप, डाइबेटिक अर्वानेस कार्यक्रम, विद्यालयका लागि भौतिक पुवाधार निर्माण, छात्रवृत्ति प्रदान, पुस्तकालय स्थापना, पिस पोस्टर, वातावरण संरक्षणका लागि वृक्षारोपण, प्राकृतिक प्रकोपबाट पीडितलाई राहत वितरणलगायतका मानव जीवनमा प्रत्यक्ष रुपमा समाजलाई प्रभाव पार्ने भूमिका खेलेको छ।

लायन्सको सदस्यता वृद्धि हुनुमा लायन्सले समाजमा देखिने खालका मानवीय सेवाका काम गर्दै आएको छ। अर्को महत्वपूर्ण कुरा यस संस्थामा प्रवेश गरेपछि सर्भिस, फेलोसिप र लिडरसिप तीनवटै कुरा प्राप्त गर्न सकिन्छ। यिनै कारणले गर्दा पनि यो संस्थाको सदस्य बन्न आकर्षित भएर आउँछन्।

**लायन्स को हुन् र यिनले के गर्दछन् ?**

लायन्स क्लब अन्तर्राष्ट्रियको सदस्य बनेका व्यक्तिहरू नै लायन्स हुन्। समाजका उत्कृष्ट व्यक्तिको समूहबाट नै लायन्स क्लबको विस्तार हुने गर्दछ। समाजका उत्कृष्ट व्यक्तिले आफ्नो स्वधर्मको कर्तव्य पालना गर्दै बचत भएको समय र स्वआर्जनको केही अंशबाट बचेको रकम समाजको आवश्यकताअनुसार व्यक्तिगत लाभको उद्देश्य नराखी समुदायमा जहाँ जे आवश्यकता पर्छ त्यहाँ सेवा गर्दछ। आफूभन्दा कम अवसर पाएका व्यक्ति तथा समूदायसमक्ष सेवाका कार्य विशेष गरी स्वास्थ्य, शिक्षा तथा पर्यावरणका क्षेत्रमा लायन्सले काम गर्दछन्।

**लायनवादमा किन र कसरी लाग्नुभयो, लायन्समा लागेर पाएको महत्वपूर्ण उपलब्धि के के हुन् ?**

जब म समाजका लागि केही आर्थिक सहयोग गर्नका लागि सक्षम भएपछि मैले सुनिरहेको संस्था, जुन विश्वको २ सय १० राष्ट्रमा फैलिएको लायन्सको अन्तर्राष्ट्रिय संस्था लायन्स क्लबको सदस्य बनें। लायन्स क्लबको सदस्यता निवेदन दिएर नपाउने र सदस्य बन्नका लागि लायन्स बनेकाले नै निमन्त्रणा गर्नुपर्ने रहेछ र मलाई लायन्सको सदस्य बन्नका लागि पूर्वमल्टिपल काउन्सिल चेयरपर्सन राजन लम्सालले लायन्ससम्बन्धी जानकारी दिएर सदस्य बन्न अभिप्रेरित गर्नुभयो।

नयाँ क्लब लायन्स क्लब अफ काठमाडौं गोंगबुको नामकरण गरी म नै संस्थापक अध्यक्ष बनें। यस संस्थामा लाग्नुभन्दा अघि सीमित क्षेत्रमा मात्र चिनिन्थें भने अहिले आएर नेपालको मात्र नभई र अन्तर्राष्ट्रिय स्तरमा लायनवादको माध्यमबाट परिचित भएको छु।

**लायनवादले दिएका अवसरलाई कसरी चित्रण गर्नुहुन्छ ?**

म एउटा साधारण परिवारमा जन्मेर गाउँको सरकारी स्कुलमा पढेको र कामका साथै पढाइको सिलसिलामा काठमाडौं छिरेको सामान्य मानिस हुँ। आफ्नो पढाइ, काम अनि परिवारको जिम्बेवारी बहन गर्दै २/४ पैसा कमाउन थालेपछि जुन समस्या मैले बाल्यकालमा भोगेको थिएँ त्यस्तो समस्या जो कोहीलाई नपरोस् भन्दै आफूले सकेको सहयोग आवश्यकता हुनेलाई गरी नै रहन्थें। यो संस्थाको सदस्य भए पछि मैले आफूले गर्ने सेवाका साथसाथै सयौं सेवा गर्ने मनलाई यो संस्थामा आबद्ध गराएर बढीभन्दा बढी आवश्यकता पर्ने समूदायसमक्ष सेवा पुऱ्याउन सफल भए।

**सामाजिक सेवाको क्षेत्रमा लायन्सले कस्तो भूमिका खेलेको छ, अन्य सामाजिक संस्था र लायन्समा के फरक छ ?**

हामीले सामाजिक सेवाको क्षेत्रमा लायन्सले उल्लेख्य भूमिका निर्वाह गरेको पाएका छौं। लायन्स क्लबले सञ्चालन गरेका आँखा शिविर, स्वास्थ्य शिविर, स्वास्थ्यसम्बन्धी जनचेतना, दादुरा रुबेला सम्बन्धी खोप, डाइबेटिक अर्वानेस कार्यक्रम, विद्यालयका लागि भौतिक पुवाधार निर्माण, छात्रवृत्ति प्रदान, पुस्तकालय स्थापना, पिस पोस्टर, वातावरण संरक्षणका लागि वृक्षारोपण, प्राकृतिक प्रकोपबाट पीडितलाई राहत वितरणलगायतका मानव जीवनमा प्रत्यक्ष रूपमा समाजलाई प्रभाव पार्ने भूमिका खेलेको छ। लायन्स एउटा भोलेन्टियर अर्गनाइजेसन भएका कारण लायन्सले कोही कसैसँग प्रतिस्पर्धा नगरी आफ्नो काम गर्दै आएका छौं।

**लायन्स क्लब र सदस्यहरूको संख्यात्मक वृद्धि धेरै भएको छ, सदस्यता बढ्नुको कारण के हुन् ?**

लायन्सको सदस्यता वृद्धि हुनुमा लायन्सले समाजमा देखिने खालका मानवीय सेवाका काम गर्दै आएको छ। अर्को महत्त्वपूर्ण कुरा यस संस्थामा प्रवेश गरेपछि सर्भिस, फेलोसिप र लिडरसिप तीनवटै कुरा प्राप्त गर्न सकिन्छ। यिनै कारणले गर्दा पनि यो संस्थाको सदस्य बन्न आकर्षित भएर आउँछन्। लायनवादप्रति बढ्दो आकर्षण यसको काम गर्ने तौर तरिकाका साथै कुशल नेतृत्व विकास, संस्थाको स्थायीत्व, दीर्घकालीन योजनाका साथ कार्य सम्पादन गर्ने हुँदा नै यस्को प्रभाव केही न केही समाजमा परेको हुन्छ।

**लायन्समा लाग्नेको सदस्यताबापतको मोटो रकम बिदेसिने गरेको छ तर त्यसको प्रतिफल पाउन नसकेको भनिन्छ नि ?**

यो अन्तर्राष्ट्रिय संस्था हो। प्रत्येक वर्ष हामीले नियमित सदस्यताबापत निश्चित रकम नेपालमा रहेको नेपाल इन्भेस्टमेन्ट बैंकमा रहेको अन्तर्राष्ट्रिय खातामा जम्मा गर्नुपर्छ र उक्त रकम नेपालमा नै रहन्छ। लायन्स क्लब अन्तर्राष्ट्रियले जति पनि परियोजना नेपाललाई दिन्छ सोही खाताबाट सोही रकम नेपालमा नै लगानी गर्छ।

धेरै वर्षदेखि नेपालमा अन्धोपन निवारणका लागि लायन्स अन्तर्राष्ट्रियले ठूलो रकम सहयोग गर्दै आएको छ। प्रत्येक वर्ष नेपालका चार वटै डिस्ट्रिकलाई स्ट्यान्डर ग्रान्टअन्तर्गत विभिन्न स्थायी परियोजनाका लागि दुईदुई लाख अमेरिकी डलर बराबरको रकम सहयोग गर्दै आएको छ। प्रत्येक वर्ष लायन्स क्लबद्वारा देशका विभिन्न ठाँउमा सञ्चालित लायन्स अस्पतालहरूमा आर्थिक सहयोग प्राप्त भइराखेको छ। त्यसै गरी मिजेला रुबेलामा नेपाल सरकारमार्फत् ठूलो रकम सहयोग प्राप्त भएको छ। भूकम्पपछिको विद्यालय पुनर्निर्माणका लागि झन्डै ५० करोड सहयोग प्राप्त भएको छ। सोबापत अहिले नौवटा विभिन्न जिल्लामा विद्यालय निर्माण कार्य भएका छन्। हामीले तिरेको रकमभन्दा प्राप्त गर्ने रकम धेरै नै बढी छ।

**पछिल्लो समयमा लायन्समा नेतृत्वका लागि अस्वस्थ प्रतिस्पर्धा निकै बढेको देखिन्छ, सामाजिक सेवाभावले लाग्ने यो संस्थामा यस्तो किन ?**

जुनसुकै संस्थालाई अघि बढाउनका लागि नेतृत्वको आवश्यकता पर्दछ। हाम्रो संस्थामा स्वस्थ प्रतिस्पर्धाबाट प्रजातान्त्रिक ढंगले नेतृत्व चयन हुने गर्दछ। लायन्स क्लब यस्तो सामाजिक संस्था हो कि यसभित्र कुनै राजनीतिक, धार्मिक, जातीय लैंगिक, भेदभाव हुँदैन त्यसैले पनि नेतृत्व चयनमा स्वच्छ प्रतिष्पर्धा हुन्छ। संस्थाको विकास र विस्तारका लागि क्षमता भएको व्यक्तिलाई नै लायन्सले चुनेर नेतृत्वमा पठाउँछन्।

**लायनवादमा पुरातनवादी सोच हावी छ, अबको जेनेरेसनमा यो तरिकाले चल्न सम्भव रहला ?**

लायनवादमा विचार र धारणा अनि हामीले गर्ने सामाजिक कार्यमा समयानुकुल परिवर्तन हुँदै गइरहेका छन्। यसमा पुराना र नयाँ भन्ने कुनै गुन्जायस नै छैन। समयसापेक्षअनुरुप सूचना प्रविधिका कारणले पनि हाम्रो संस्थामा सकारात्मक परिवर्तन आएको छ। नयाँ र पुरानो विचारको समिश्रणबाट हामीले गर्ने सेवाका कार्यमा निखारता आएको छ।

**शुद्ध सामाजिक सेवाभावले लायन्समा लागेकालाई वितृष्णा बढेको सुनिन्छ, के यो सत्य हो ?**

विशुद्ध सामाजिक सेवाभावले लायनवादमा लागेकालाई त वितृष्णा हुन नपर्ने हो। तर कहिलेकाही लायन्सको भावनासँग कसैको विचार नमिल्दा मानवीय स्वभाव हो केही कुरा त बाहिर आइहाल्छन् नि। तर समग्रमा हेर्दा वितृष्णा बढेको छ भन्ने कुरा सत्य हैन।

**डिस्ट्रिक्टमा महत्त्वपूर्ण पद लिनका लागि अग्रज लायनहरू लालयित धेरै देखिन्छन्, अवसर नयाँले मात्र पाएका छन् भन्ने सुनिन्छ, खासमा के हो ?**

स्वाभाविक नै हो, लायनवादमा लाग्नेले सर्भिस, फेलोसिप र लिडरसिप तीनवटै कुरामा आफूलाई अब्बल बनाएको हुन्छ। यसकारण पनि नेतृत्वका लागि चाहना र इच्छा जो कोहीले पनि राख्न सक्छन्, मलाई लाग्छ प्रतिष्पर्धामा नै क्षमताको विकास हुन्छ। काम गर्ने चाहे त्यो पुरानो होस् या नयाँ, अवसर क्षमता हुने सबैले पाउँछन्।

**एक वर्षे कार्यकाल रहने यस संस्थामा पछिल्लो समयमा नेतृत्वका लागि अस्वस्थ प्रतिस्पर्धाका साथै भोज भतेरमा ठूलो धनराशि खर्चेको देखिन्छ, के छ र यसमा ?**

आफू संलग्न रहेको संस्थाको नेतृत्व लिएर काम गर्ने चाहना सबैमा हुन्छ। त्यो महत्वपूर्ण एक वर्षे कार्यकालमा संस्थाको हितका लागि पछिसम्म सम्झन योग्य काम गर्ने चाहना सबैमा हुन्छ र सोहीअनुरुप स्वच्छ प्रतिष्पर्धाबाट नेतृत्व चयन हुन्छ। भोजभतेर भन्ने अनावश्यक हल्ला मात्र हो।

**लायन वर्ष २०१६/१७ कस्तो रह्यो, डिस्ट्रिक्ट ३२५ बी १ नेपाल र समग्रमा लायनवादमा भएका प्रगति के के हुन् ?**

लायन वर्ष २०१६/१७ को मेरो कार्यकाल अविष्मरणीय रह्यो। विशेष गरी नयाँ क्लब स्थापनामा जोड दिने र नयाँ सदस्य महिला र युवा सदस्यलाई लायनवादमा आकर्षण गरी धेरैभन्दा धेरै वर्ग, क्षेत्र, लिङ्ग र विभिन्न उमेर समूहका व्यक्तिलाई आकर्षित गर्ने योजनाअनुरुप यी सबै कार्यमा सफलता हासिल भयो। रक्तदान, मेघा नि:शुल्क स्वास्थ्य शिविर, लायन्सको आफ्नै गुठी नेपाल लायन्स फाउन्डेसनको कोष वृद्धिलगायतका कार्यलाई अघि सारेका थियौं। यी सबै कार्यमा हामीले ऐतिहासिक सफलता प्राप्त गरेका छौं।

**तपाईंको कार्यकालमा भएका उल्लेख्य कार्य के-के थिए र डिस्ट्रिक्टलाई विश्वको नम्बर एक डिस्ट्रिक्ट बनाउन सफल हुनुभयो ?**

मेरो कार्यकालमा विश्व लायनवादको १००औं वर्षको इतिहासमा हालसम्मकै सबैभन्दा बढी १०० वटा क्लब गठन गर्न सफल भयौं। यसै गरी विश्वका २ सय १० राष्ट्रमा फैलिएको संस्था अनि ७ सय ४० डिस्ट्रिक्टमध्ये हाम्रो डिस्ट्रिक्टले सदस्यता बृद्धिमा अहिलेसम्मको विश्व रेकर्ड राख्न सफल भएको छ। ३० हजारभन्दा बढी विभिन्न रोगका बिरामीलाई नि:शुल्क स्वास्थ्य उपचार पाएका छन। त्यसै गरी वाग्मती, अर्घाखाँची, गुल्मी क्षेत्रका लायन्सको संयुक्त आयोजनामा काठमाडौंको गोलढुंगामा १०० रोपनी जग्गामा एकै दिन ८ हजारभन्दा बढी विभिन्न जातका बिरुवा आरडीसी नेपालको सहकार्यमा रोपी लायन्स पार्क निमार्ण गरेका छौं । हामीले हाम्रो आफ्नै गुठी नेपाल लायन्स फाउन्डेसनको कोषमा १ करोड ३१ लाख रकम थप गर्न सफल भयौं।

**अन्तर्राष्ट्रिय सम्मेलनमा सम्मानित हुँदा कस्तो महसुस भएको छ ?**

निश्चय पनि लायन्सको १००औं अन्तर्राष्ट्रिय सम्मेलन अमेरिकाको सिकागो शहरमा भइरहँदा लायन्सका अन्तर्राष्ट्रिय प्रेसिडेन्टले मलाई विश्वको सर्वोकृष्ट डिस्ट्रिक्ट गभर्नर भनी पटकपटक सम्बोधन गरिरहँदा मैले आफूलाई अत्यन्तै गर्व महसुस गरें। विश्वभरका ३० औं हजार लायन्स उपस्थित भएको सम्मेलनमा अन्तर्राष्ट्रिय प्रेसिडेन्टबाट २/२ वटा अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित हुने अवसर प्राप्त गरें, जसले गर्दा विश्वका २ सय १० राष्ट्रका लायन्सका माझ नेपाल र नेपालीलाई चिनाउन सफल भएँ, यो नै महत्त्वपूर्ण उपलब्धिका रूपमा मैले लिएको छु। हाम्रो डिस्ट्रिक्ट सर्वोत्कृष्ट डिस्ट्रिक्ट हुन सफल भएपछि यो कसरी सम्भव भयो भनी मलाई सम्मेलनमा सहभागी रहनुभएका डिस्ट्रिक्ट गर्भनर र भाइस डिस्ट्रिक्ट गर्भनरहरूको सेमिनारमा वक्ताका रूपमा आमन्त्रण गरियो।

**नारा नै बी वान, लायन्स डिस्ट्रिक्ट ३२५ बी १ लाई पनि विश्वमा बी वान बनाउन सफल हुनुभयो, कसरी सम्भव भयो ?**

गएको दुई वर्ष पहिले देशमा आएको महाभूकम्पका कारण धेरै जनधन र राष्ट्रिय महत्वका धेरै संरचना क्षति भएको हुँदा तिनको पुनर्निर्माण तथा उचित व्यवस्थापनमा हामी सकृय रुपमा लागेका थियौं। मानवीय सेवाका कार्यमा अझ बढी उत्कृष्टता हासिल गर्न डिस्ट्रिक्ट ३२५ बी १ को लायन वर्ष २०१६/१७ को नारा नै बी वान तय गरेका थियौं। यस अभियानलाई विश्वमा नम्बर १ बनाउन हाम्रो डिस्ट्रिक्टका अग्रज लायन्स लिडरको सहयोग र साथ, मेरो क्याविनेट टिम लगायत सम्पूर्ण लायन सदस्यको योगदानका साथै टिम वर्कले नै सम्भव भयो । हामीले तय गरेको नारा बी वान विश्वमा नै बी वान बनाइ डिस्ट्रिक्ट ३२५ बी १ नेपाललाई विश्वको नम्वर एक डिस्ट्रिक्ट बनाउन सफल भयौं।

**हाल मल्टिपल डिस्ट्रिक्ट ३२५ नेपालको मल्टिपल काउन्सिल चेयरपर्सन हुनुहुन्छ, भावी कार्यक्रम के ल्याउनुभएको छ ?**

मल्टिपल काउन्सिल चेयरपर्सनको दायित्व नेपालमा रहेका ४ वटै डिस्ट्रिक्टलाई समन्वय गर्ने हुन्छ। विशेष गरी मल्टिपल डिस्ट्रिक्टअर्न्तगतको नेपालका लायन्सको सकृयतामा स्थापना गर्न लागिएको लायन्स ब्लड बैंक भवन निमार्ण कार्य छिट्टै थाल्ने, भूकम्पबाट क्षतबिक्षत भई पुनर्निमार्ण अर्न्तगत भईरहेका स्कुल निमार्णका कार्यलाई छिटोभन्दा छिटो सम्पन्न गर्न बनेका समितिलाई सहयोग गर्ने, डिस्ट्रिक्टहरूमा चलिरहेका प्रोजेक्टलाई तडारुकताका साथ सम्पन्न गरी बढी प्रोजेक्ट ल्याउन डिस्ट्रिक्ट गर्भनरहरूलाई मोटिभेसन गर्ने, मल्टिपलअर्न्तगत अन्तर्राष्ट्रियबाट ल्याउन सकिने प्रोजेक्टहरूको पहल गर्ने लगायतका योजना मेरो कार्यकालमा रहनेछन्।

# बाढीपीडितको घाउमा मल्हम लगाउँदै कलाकार

बाढीपहिरोले मुलुकका धेरै भागमा जनधनको क्षती पुऱ्याएपछि उनीहरूको घाउमा मल्हम लगाउन कलाकारहरु अग्रसर भएका छन्। केही कलाकारले उनीहरूको घाउमा मल्हम लगाउन आर्थिक र जिन्सी सहयोग गर्ने भएका छन् भने कतिपयले उनीहरुलाई सघाउन सरकार र सर्वसाधारणलाई आह्वान गरेका छन्। फेसबुक पोस्टबाट सहयोगका लागि बढेका हातहरु यहाँ प्रस्तुत गरिएको छ।

## सबैले सहयोग गरौं



हरिवंश आचार्य

देशका अधिकांश जिल्ला बाढीको डुवान र पहिरोमा परेको बेला हामी के कसरी सहयोग गर्न सकिन्छ भनेर केही संस्थाहरूसँग छलफलमा छौं। हालका लागि मह सञ्चारको तर्फबाट राहतका लागि एक लाख अर्पण गर्दछौं। आफ्नो ठाउँबाट सक्दो सहयोग सबैले गरौं।

## राहत कोषबाट सहयोग गरौं



रामकेशर बोगटी

बाढीपीडितहरूको सहयोगका लागि नेपाल चलचित्र कलाकार संघको दैवी प्रकोप राहत कोषमा रकम जम्मा गरी सहयोग गर्नुहुन सबैलाई अपिल गर्दछौं। जसमा मह जोडीबाट १ लाख, किरण केसी राज केसी समेतबाट १ लाख कलाकार संघबाट ६५ हजार (कूल २ लाख ६५ हजार रुपियाँ) संकलन भएको छ।

## १ लाख सहयोग गर्छु



दीपकराज गिरी

यो पीडालाई आफ्नै पीडा सम्झौं। व्यक्तिगत रूपमा १ लाख रुपियाँ सहयोगको घोषणा गर्दछु। पछिल्लो जानकारी, हामीले हाम्रै पहलमा सबैको चाहनाबमोजिम एउटा बैंकमा राहत खाता खोल्ने सल्लाह गर्दैछौं। जसमा आदरणीय हरिवंश दाइ मदनकृष्ण दाइलगायत धेरै कलाकारको सहभागिता रहनेछ।

## गरेर देखाउने बेला आएको छ



प्रियंका कार्की

मेरो पुर्खौली घर धरानमा पर्छ। बिहे गरेर फूपू झापा पुग्नुभएको छ। काकाकाकीको घर बिराटनगरमा छ। भाग्यवश पुर्खौली, काकाको र फूपूको घर सुरक्षित छन्। तर तराईका अन्य क्षेत्रमा भेल र बाढी तिव्र छ। सामाजिक सञ्जालमा त्यहाँको पीडा देख्दा मन थामिँदैन। आँखाबाट आँसु नै आउँछ। यस्तो अवस्थामा सरकारले गर्नुपर्ने उद्धार र राहतको कार्यमा ढिला सुस्ती हुँदा पीडासँगै आक्रोश पोख्न मन लाग्छ। तर यहाँ कराएर मात्रै केही हुने छैन। त्यसैले हामी सबैले आफ्नो ठाउँबाट बाढी प्रभावितका लागि सहयोग गरौं। सकेसम्म बाढी प्रभावित क्षेत्रमा पुगेर सहयोग र सान्तवना दिउँ। बाढी प्रभावितको सहयोगार्थ मैले ५१ हजार रूपियाँ हस्तान्तरण गर्ने निर्णय गरेको छु। यस अभियानमा तपाईंहरूको पनि साथको अपेक्षा गर्दछु। आउनुस बोलेर मात्र होइन गरेर देखाउने बेला आएको छ। सक्दो एकजुट भएर सहयोग गरौं।

## ५१ हजार सहयोग गर्छौं



हरिश निरौला कक्रोच

टेलिभिजन श्रृंखला *भद्रगोल*का कुमार कट्टेल 'जिग्री', अर्जुन घिमिरे 'पाँडे', सागर लम्साल 'बले', हरिश निरौला 'कोक्रोच' (म) ले संयुक्तरूपमा बाढीपीडितका लागि तत्काल राहतस्वरूप ५१ हजार सहयोग रकम घोषणा गरेका छौं। साथै *मेरि बास्सै*का कलाकार दीपक अचार्यले व्यक्तिगततर्फबाट १० हजार घोषणा गरेका छन्। यदि कसैले तत्काल राहतस्वरूप बाढीपीडितलाई सहयोग गर्न चाहनु हुने सहयोगी मनहरूले जिग्री पाँडे प्रतिष्ठानको खाता नम्बर ०२१०६०११२९५९३०१२ (कृषि विकास बैंक) मा रकम संकलन गर्न सक्नु हुनेछ। साथै सम्पर्कका लागि फोन नम्बर ९८४१०२६२६६

## पिपुल टु पिपुल खोल्यौं



निर्मल शर्मा

हाल देशमा बाढीपहिरोको कारण आएको विषम परिस्थितिलाई सक्दो सहयोग पुऱ्याउन हामीले प्रभात रिमाल, सञ्जय श्रेष्ठ, डा. निल पाण्डे, माया गुरुङसहितको एउटा पिपुल टु पिपुल भन्ने समूह खडा गरेका छौं। यदि तपाईं पनि सो सेवामा सहयोग पुऱ्याउन चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोला। कुनै पनि प्रकारको राहत सहयोग गर्न सक्नुहुनेछ। पारदर्शीताका लागि तपाईंले गरेको सहयोगलाई हामीले गुगल सिटमार्फत सार्वजनिक रूपमा राख्नेछौं। तत्काल कुनै पनि क्षेत्रमा पुग्न सक्ने अवस्था नभएको हुनाले यो समय राहत संकलनका लागि राखेका छौं। सहयोगी हातहरूका लागि समयसमयमा हामी अपडेट गर्नेछौं।

## १ लाख सहयोग गर्छु निर्दयी मौसमले साथ दिएन



पूजा शर्मा

फेसबुकमा पानीले बगाएका बस्ती हेर्दा मन चिरिन्छ। जतिसक्दो चाँडो बाढी प्रभावित क्षेत्रमा पुग्न मन छ। तर निर्दयी मौसमले साथ दिइरहेको छैन। ड्राइफुड र लत्ताकपडा जम्मा गरिरहेकी छु। मिल्ना साथ सप्तरी पुग्छु। व्यक्तिगततर्फबाट १ लाख सहयोग गर्दै छु। अरु धेरै सहयोगी हातहरूको खाँचो छ अहिले।

## बाँध खोल्न भारतलाई गुहानुपर्ने?



नवल खड्का

नेपालको बाँध खोल्न भारत सरकारलाई गुहानुपर्ने? हेलो सरकार? तत्काल पीडितलाई राहत देउ र समस्याको दीर्घकालीन समाधान खोज।

हामी जनताहरू, पीडितहरूका लागि मन वचन र कर्मले राहत कार्यमा जुटौं।

## पहिले ज्यान जोगाऔं



मिलन अमात्य

मध्य तथा पूर्वी तराईबाट बाढीका रूपमा शुरू भएको बिपत्ती, बाढीमाथि पैरो थपिँदै अब पूरै देशभरि नै फैलिँदै गएको छ। निरन्तर वर्षातले यो क्रम अझ बढ्ने देखिन्छ। तसर्थ पहिला ज्यान जोगाउनतिर प्राथमिकता दिऊँ। सरकारकै मुख नताकौं। दिवंगतप्रति गहिरो दुःख प्रकट गर्दै आफ्नो गक्षअनुसारको सहयोगका निम्ति सबैलाई अनुरोध गर्न चाहन्छु।

## हार्दिक अपिल



सीताराम कट्टेल

बिपदमा सबै नेपाली जुट्यौं अनिवार्य<br>
मानवता र सद्भावका लागि सहकार्य।<br>
हिमाल पहाड तराई कोही छैनौं पराइ।

तराईमा अविरल वर्षाका कारण केही स्थान पुरै डुवानमा परेर धेरै जना मानिसहरू पीडामा परेका छन्। उहाँहरूको उद्धार तथा राहत वितरणका लागि हामी धुर्मुस सुन्तली फाउन्डेसनबाट त्यसतर्फ राहतका प्याकेज लिएर जाने निर्णय गरेका छौं। यदि तपाईंहरू पनि व्यक्तिगत तथा संस्थागत रूपमा सहकार्य गर्न चाहनुहुन्छ भने हाम्रो फाउन्डेसनको सम्पर्क नं. ०१४४८१६२२, ९८४१२२९९१२ मा सम्पर्क गर्न सक्नुहुनेछ। साथै सहकार्य गर्न चाहने महानुभावहरूका लागि फाउन्डसनको कृषि बिकास बैंकको खाता नं. ०२१०६०१०३३९२००२० रहेको जानकारी पनि गराउँदछौं। आपतमा परेकाहरूका लागि हाम्रो यस अभियानमा तपाईंहरूको साथ र सहयोगको अपेक्षा राखेका छौं।

## चुनावका हेलिकप्टर कता छन् नेताज्यू?



बद्री पंगेनी

नमस्कार नेताज्यू। चुनावको बेलामा आचारसंहिता उल्लंघन गरीगरी उडाउने हेलिकप्टर कता छन्? लौन नेत ज्यू अहिले आचारसंहिता लाग्दैन तराइ जाऊँ।

## कसका लागि लगाएका मधेसवादी नारा?



सुदर्शन थापा

म एक नेपाली हुँ। नेपालीलाई दुःख पर्दा हेरेर बस्नु त पक्कै सक्दिनँ। फेसबुकमा उखानजस्तो कुरा लेखेर हुने त केही हैन। तर मनका तरंगहरू पोख्न मन लाग्यो। मधेसवादी नेताहरू के हेर्दै बसेका छन्? अस्तिसम्म मधेसवादको नारा लगाउने आज कता छन्? लुकेर बसेको ए नेताज्यू कसका लागि लगाका हौ तिम्रो उखान जस्तो मधेसवादी नारा? सक्छौ भने अब लगाउ तिम्रो उखान जस्तो भाषण। नत्र जनतालाई पाच्य हुँदैन र नदी बेचेर भारतलाई चाबी बुझाउने नेताज्यूहरूमा मेरो कृतज्ञ साथै नमन अरु नदी पनि बेच्नु। साथै मेरो फेसबुकमार्फत सम्पूर्ण नेपाली जनतालाई अपिल, दुःख परेको छ नेपालीलाई सबै नेपाली मिलेर सहानुभूति र सहयोग गरौं। 'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे, उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे?<br>
आफ्नैहरू गद्दार भएपछि ...' आस्था राउत<br>
यता डा. केसी डुब्दै, उता कोशीले डुबाउँदै। आफ्नै नेताहरू गद्दार भएपछि केही नलाग्ने रहेछ।

## शेयर गरौं



केदार घिमिरे

अहिलेसम्म सरकार बाँधको ढोका खोल्न अनुरोध गरेर बसेको छ। यसलाई यत्ति शेयर गर्नुस कि अनुरोध होइन हप्काएर खोल्न लगाउने अवस्थामा सरकार पुगोस्।

## सामूहिक अभियान शुरु गरौं



मनोज गजुरेल

दिदी, तिम्रा लागि छुट्याएको तिजको भाग ५ हजार यसपटक पठाउन सकिनँ। आमाले आफ्नो दशैं भाग ५ हजार रूपियाँ पनि नलिने भन्नुभयो। छोरी मेमोरीले आफ्नो पकेट खर्च ५ हजार पर्दैन भनेकी छिन्। तपाईंकी बुहारी मिनाले घरखर्च कटौती गरी ५ जोगाएकी छिन्। हामीले अहिलेलाई जम्मा २० हजार रूपियाँ विपद् पीडितलाई उपलब्ध गराउने घोषणा गरेका छौं। मैले त खर्च कटौती गरी सहयोग सानो प्रयास थालें। सामूहिक अभियान शुरु गर्ने कि? सहयोगलाई दया हैन, नागरिक कर्तव्यका रूपमा बुझौं।

**म यस्तो फिलिम बनाउँछु** : फिल्म क्षेत्रको यथार्थ गाईजात्रे अवस्था दीपकराज गिरीबाट

**फेसबुक ज्योतिष** : फेसबुकबाटै भविष्यवाणी गर्नेहरूको नालीबेली मनोज गजुरेलबाट

**गीता र समानता सम्बन्धी - विधेक** : शैलेन्द्र सिंखडँको चोटिलो व्यग्य कविता

**हौ लाखे है जवाफ देउ बा** : देशका बा प्रधानमन्त्रीलाई विल्सनविक्रम राई (तक्मे बूढा) को सवाल

**माग्ने शास्त्र** : माग्ने बुढा केदार धिमिरेको आफ्नै शास्त्र

**आधा सवाल, आधा जवाफ** : जितु नेपालबाट

**...किनकि म यो देशको नागरिक हुँ** : सीताराम कट्टेल (धुर्मुस)

**कुम हल्लिने रोग** : कृष्ण उफान

**उखानका बादशाह ओली !** : पेशल आचार्य

**आऊ प्रिये, नयाँ नेपाल बनाऔं !** : गाउँले बलदेव

**साथमा हास्यव्यंग्य लेखकहरूका चोटिला तथा खितखिते व्यंग्य लेख, कविता, मुक्तक, ठोक्तक र गजलहरू।**

कीर्तिकिशोर जोशी, उमेश अधिकारी, देवेन्द्र थुम्केली, राजमान, कार्टुनानन्द, गंगादेवी, सानुराज डंगोल, पदम घले, राजु नेपाल र आएरमबीका काउकुती लगाउने व्यंग्य चित्रहरू।




# कामनाको हरेक अंक विशेष अंक

पृष्ठ ९२,
मूल्य रू. १५०/ मात्र

# कामनाको गाईजात्रे विशेष अंक अब बजारमा

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस् !

# विचार

मेरो चिन्ता यो होइन कि तपाईं खस्नुभयो, सबभन्दा ठूलो चिन्ता यो हो कि खसेपछि तपाईं उठ्नुभएन।
– अब्राहम लिंकन

हजारौं युद्ध जित्नुभन्दा महत्वपूर्ण कुरा हो आफैंलाई चिन्नु। यही नै तिम्रो विजय हो। यसलाई तिमीबाट खोस्न सकिँदैन। न परी, न त प्रेतले नै खोस्न सक्छन् ?
– गौतम बुद्ध

## सम्पादकीय

नेपाल समाचारपत्र

# पीडितको उद्धारमा प्राथमिकता देऊ

केही दिनदेखि परेको अविरल वर्षाका कारण मुलुकभरको जनजीवन प्रभावित भएको छ। बाढी–पहिरोमा परी झन्डै ३० जनाले ज्यान गुमाइसकेका छन् भने कैयौं बेपत्ता भएका छन्। हजारौंको संख्यामा प्रभावित भएका छन्। बाढीका कारण ३१ हजार घर डुबानमा परेका छन्। मनसुन बढी सक्रिय भएसँगै अरब सागर र बंगालको खाडीबाट आएको जलवाष्पयुक्त हावाको प्रभावले नेपालमा अत्यधिक वर्षा भएका कारण तराईका अधिकांश भाग डुबानमा परेका छन्। लगातारको वर्षाका कारण उद्धारका लागि खटिएका उद्धारकर्मीहरू घटनास्थलमा पुग्न नसक्दा अवस्था झनै गम्भीर बनेको छ। सरकारले उद्धारको प्रयास जारी राखेको बताए पनि प्रतिकूल मौसमका कारण उद्धारमा ढिलाइ हुनाले बाढीपीडितलाई पीडामाथि पीडा थपिएको छ।

नेपाल–भारत सीमाक्षेत्रमा भारतीय पक्षले सडक निर्माण गर्ने नाममा नेपालतर्फको भूभागभन्दा अग्लो सडक बनाइदिएपछि त्यसको मार नेपालतर्फ परेको कुरा बाहिर आएको छ। यस विषयमा दुवै मुलुकबीच उच्चस्तरीय वार्ता हुनु जरुरी छ। हरेक वर्ष तराई डुबानमा परेपछि मात्रै समस्याको समाधान खोज्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने जानकारहरू बताउँछन्। नेपालमा प्राकृतिक प्रकोप हुनुअघि गरिनुपर्ने तयारी शून्यको अवस्थामा रहने गरेको कारण पनि मुलुकले थप क्षति व्यहोर्नुपर्ने अवस्था सृजना हुने गरेको छ। सरकारी निकायले मुलुकभर भीषण वर्षा हुने र त्यसले तटीय क्षेत्र प्रभावित हुने जानकारी दुई दिनअघि नै दिएको भए पनि बेवास्ताका कारण मुलुकले ठूलो मानवीय क्षति व्यहोर्नुपरेको छ। राज्यले यस्ता घटनाको सम्बोधन समयमा नै गर्न सकेन भने थप मानवीय क्षति नहोला भन्न सकिन्न।

अहिले मुलुकभर देखिएको समस्या समाधान गर्न राज्य मात्र होइन यहाँ क्रियाशील संघसंस्था परिचालित हुनु जरुरी छ। प्राकृतिक विपत्तिलाई चाहेर पनि कसैले रोक्न नसक्ने भएकाले यसबाट हुने थप क्षतिलाई कम गर्न सबै क्रियाशील हुनु जरुरी छ। तत्कालका लागि सबैले पीडितको उद्धार र राहतमा विशेष ध्यान दिनुपर्छ। राज्यले पनि यस्ता विपत्ति पर्दा तत्काल उद्धार तथा राहत वितरण गर्ने मेकानिजमलाई दुरुस्त हालतमा राख्नुपर्दछ। अहिलेको प्राथमिकता भनेको नै बाढी–पहिरोपीडितको उद्धार र राहत वितरण नै हो।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# नागरिक समाजमा मिडियाको नेतृत्व



कपिल काफ्ले

आमरण अनशनमा बसेका डा. गोविन्द केसीको आन्दोलनले सरकार र नागरिक समाजलाई तताएको देखिएन। कतिपयले टिप्पणी गरे, ‘सरकार डा. केसीसँग दिक्क भैसक्यो, उसलाई लागेको हुनसक्छ- मरिदिए टन्टै साफ !’ नागरिक समाज पनि प्राय: राजनीतिक दलकै प्रतिछाया रहेकाले अपेक्षाकृतरूपमा डा. केसीको पक्षमा सशक्त ढंगले उभिएको पाइएन। यसले मिडिया जगत्को भूमिका बढाउन आवश्यक रहेको पुष्टि गऱ्यो।

प्रेस र नागरिक समाजको ऐक्यबद्धताको कमीले पनि सामाजिक मुद्दा ओझेलमा पर्ने गरेका छन्। पछिल्लो समयमा एक राष्ट्रिय अखबारले सम्पादकीय नै लेखेर नागरिक समाजको अभिन्न अंग रेहेका गैससको विकास र प्रभावको तीखो शब्दमा आलोचना नै गऱ्यो। प्रेस र नागरिक समाज गैरराजनीतिक अभियान र विकासका योद्धा हुनुपर्ने हो, तर उनीहरू नै दलगत खण्डीकरणमा लागेका कारण यो क्षेत्र कमजोर भएको देखिन्छ।

हालै, नेपाली नागरिक समाज संस्थाहरूको अभिभावक गैरसरकारी संस्था महासंघले प्रेस र नागरिक समाजबीचको सम्बन्ध वस्तुवादी र सम्मानमा आधारित हुनुपर्छ भन्दै प्रेस विज्ञप्ति प्रकाशित गर्नुपर्ने अवस्था आयो। ६ हजार ४ सयभन्दा बढी गैससहरूको साझा छाता महासंघले गत २०७४ श्रावण १७ का दिन एक प्रभावशाली अखबारले गैरसरकारी संस्थाहरूलाई राज्यले नियन्त्रण गरोस् भन्ने व्यहोराको सम्पादकीय लेखेर पैरवी गरेपछि यस प्रकारको धारणा सार्वजनिक गरेको हो। उसले प्रेस विज्ञप्ति प्रकाशित गरेर लोकतान्त्रिक अभ्यास गर्न पाउने सबै नेपाली नागरिक र संघसंस्थाको अधिकार सम्मान गर्न सबैमा अपिल पनि गरेको छ।

सम्पादकीयको पहिलो वाक्य थियो, ‘राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको मनोमानी रोक्न जति गर्दा पनि नसकेको सरकारले अब स्थानीय तहलाई कडाइको अधिकार सुम्पने प्रस्ताव अघि सारेको छ।’ यस वाक्यमा पत्रकारिताले स्वीकार गरेका आधारभूत तीन तत्व ‘एबीसी’ छन् त, एक्युरेसी अर्थात् शुद्धता र स्पष्टता, ब्यालेन्स अर्थात् सन्तुलन र क्रेडिबल अर्थात् विश्वसनीयले कुन स्तरको स्थान पाएका छन् ? ‘मनोमानी रोक्न जति गर्दा पनि नसकेको’ भन्ने वाक्यांशले सम्पादकीय लेख्न बसेका प्रतिनिधिमा पूर्वाग्रहयुक्त मस्तिष्कले काम गरेको प्रस्ट पार्दछ। गैससहरू मनोमानी गरिरहेका छन् भन्ने आधार के, सरकारले जति गर्दा पनि नसकेको भनेर सरकारलाई असफल साबित गर्ने प्रमाण के छ ? के समाज कल्याण परिषद् वा सरकारी निकायले कुनै प्रतिवेदन जारी गरेर गैरसरकारी संस्थाले मनोमानी गरेका छन् भनेका छन् ? कुनै स्वतन्त्र निकायले यस विषयमा अनुसन्धान गरेर पो यस प्रकारको निष्कर्ष निकालेका हुन् कि ? सम्पूर्ण सम्पादकीय पढ्दा त्यस्तो स्रोत उल्लेख भएको देखिन्न।

गैससलाई नियन्त्रण गर्नुपर्छ भन्दै छापिएको सम्पादकीय एक प्रभावशाली मिडियाका लागि सुहाउने विषय होइन। विभिन्न तथ्यांकअनुसार, नेपालमा आज ४० हजारभन्दा बढी गैसस सक्रिय छन्, जसलाई नागरिक समाजको एक प्रमुख अंगका रूपमा लिइन्छ। सर्वविदित छ, नागरिक समाजको प्रभावशाली अंग प्रेस पनि हो। पेसागत संगठन, सहकारी बैंक, निजी संस्था, सामुदायिक वन आदि सबै नागरिक समाजका सदस्य हुन्। धार्मिक केन्द्र, उपभोक्ता समूह, आमा समूहजस्ता संस्था राज्यका कुनै निकायमा दर्ता नभएर पनि सामाजिक काममा सक्रिय छन्, यिनीहरू पनि नागरिक समाजका सदस्य हुन्। राज्यको कानुनी प्रावधानअनुसार विधिसम्मत ढंगले दर्ता भएर सञ्चालित गैसस सरकारी नियामक निकायको नियन्त्रणबाहिर पुग्नासाथ कारबाहीको भागिदार हुने र नवीकरण रोकिने प्रावधान छ। गैससले चलाएका परियोजना राज्यका स्थानीय निकाय र समाज कल्याण परिषद्जस्तो केन्द्रीय संरचनाबाट अनुमति नलिई पाइलो चाल्न सक्दैनन्। गैससका सञ्चालकहरूको टिप्पणी छ, दातृ निकायको सहयोग लिएर राज्यकै प्राथमिकताका क्षेत्रमा परियोजना चलाउँदै आएको र सरकारी पूर्वाग्रहयुक्त रबैयाका कारण असहज परिस्थिति भोग्न बाध्य हुनुपरेकोमा सहानुभूति दिनुपर्ने बेला हो यो।

> राज्यमा आएका पछिल्ला तीन ठूला परिवर्तनमा गैसससहितको नागरिक समाजको भूमिका अग्रपंक्तिमा छ। राजतन्त्र ढल्यो र गणतन्त्र आयो, एकात्मक प्रणाली इतिहास बन्यो र संघीयतालाई स्वीकार गरियो, अनि एक पक्षीय नेतृत्वलाई छोडेर समानुपातिक सहभागिता स्वीकार गरियो। यी तीन ठूला परिवर्तनमध्ये पछिल्लोको कार्यान्वयनमा गैससले नेतृत्व गरिरहेका छन्।

गैससलगायत नागरिक समाजबाट राज्यका अन्य निकायले सिक्नुपर्ने विविध विषय देखिन्छन्। अधिकांश गैससमा ‘जेसी’ नीति लागुभएको छ। अनुगमन मूल्यांकन नियमित हुन्छ। आन्तरिक व्यवस्थापनमा होस् वा परियोजना कार्यान्वयनमा होस्, लैङ्गिक समानता तथा सामाजिक सहभागितालाई सर्वाधिक रूपमा कसैले पालना गरेको छ भने त्यो नागरिक समाजभित्रका गैससले नै हो। यससम्बन्धमा स्मरणीय पक्ष के छ भने, मुलुकका ३२ जिल्लामा सन् २०१७ को प्रारम्भसँगै एफएचआई थ्रीसिक्स्टी। युएसएआईडीको सहयोगमा पारस्परिक जबाफदेहिता परियोजना सञ्चालन भएको छ। गैसस महासंघ, पत्रकार महासंघ, इन्सेक, फ्रिडम फोरम, गोगो फाउन्डेसन, इह्रिकनलगायतका २६ प्रतिष्ठित गैससहरू सुशासनको अभ्यास गर्ने र सरकारी कार्यालयहरूमा पनि यही अभ्यास गराउने अभियानमा जुटेका छन्। कुनै पनि गैससमा जबाफदेहिताको पालना नभए अभियानकर्ता परिवारमा सघन र कडा चासो व्यक्त हुने गर्दछ। यस्ता अभियानलाई अभिप्रेरित गर्दा प्रकारान्तरले मिडियालाई नै सघाउ पुग्ने भएकाले प्रेस जगत्ले पनि यसमा ऐक्यबद्धता जनाउनु आवश्यक देखिन्छ।

प्रेस जगत्कै अगुवाइमा नागरिक समाजलाई मुलुकको लोकतान्त्रिक प्रक्रियाको पहरेदार बनाएर सरकार, व्यवस्थापिका र न्यायपालिकालाई सदैव उनीहरूले गर्नुपर्ने कामका लागि सजग, सतर्क र सेवामुखी बनाउनु आवश्यक छ। प्रेस स्वयं नागरिक समाजको विकसित र कर्तव्यशील आधार हुनु आवश्यक छ। राज्यको चौथो अंगले बाँकी तीन अंगलाई मात्र होइन, नागरिक समाजलाई पनि खबरदारी गर्नुपर्छ। तर, यसरी खबरदारी गर्दा ‘एबीसी’लाई भने बिर्सन मिल्दैन। छातीमा हात राखेर सोच्ने हरेक सचेत नागरिकले भन्नै पर्छ, राज्यमा आएका पछिल्ला तीन ठूला परिवर्तनमा गैससससहितको नागरिक समाजको भूमिका अग्रपंक्तिमा छ। राजतन्त्र ढल्यो र गणतन्त्र आयो, एकात्मक प्रणाली इतिहास बन्यो र संघीयतालाई स्वीकार गरियो, अनि एक पक्षीय नेतृत्वलाई छोडेर समानुपातिक सहभागिता स्वीकार गरियो। यी तीन ठूला परिवर्तनमध्ये पछिल्लोको कार्यान्वयनमा गैससले नेतृत्व गरिरहेका छन्। आज आन्दोलनले ल्याएको लोकतान्त्रिक संविधान कार्यान्वयनमा उदाहरण बनेर ‘जेसी’ नीति लागू गर्न पनि यसले अगुवाइ गरिरहेकै छ। त्यसैले लोकतन्त्रलाई संस्थागत गर्न चाहने सबैले एक-आपसका नियन्त्रण होइन, सहयात्रा र सहजीकरणको माग गर्नु आवश्यक छ।

अन्त्यमा, डा. केसीको समर्थनमा लेखिएको र सामाजिक सञ्जाल फेसबुकमा गत शुक्रबार पढ्न पाइएको घतलाग्दो टिप्पणी पढौं। ‘पञ्चायती शासकले प्रजातन्त्रका लागि आन्दोलन गर्दा तत्कालीन युवा नेता शेरबहादुर देउवाको जिब्रो करेन्टले डाम्यो, उनको बोली बिग्रियो र आज त्यसको मूल्य सारा नेपालीले चुकाउनुपरेको छ। त्यस्तै, अर्का युवा केपी ओलीलाई हिटरमा पिसाब फेर्न लगाएर पञ्चायती सरकारले क्रूर यातना दियो। ओलीले पिसाब रोक्ने अभ्यास गरे र दुवै मिर्गौलामा असर पऱ्यो, आज उपचारमा छन्। त्यसको मूल्य पनि राज्यले तिर्नुपरेको छ। ‘लोकतान्त्रिक’ विशेषण झुन्ड्याएको सरकारले डा. केसीको शरीर पनि सोही तरिकाले बिगारिदियो। के सबै खाले सरकारको चरित्र सधैं अधिनायकवादी मात्र हुन्छ !

## पाठक पत्र

### फेवाताल कब्जा गर्न पाइँदैन

फेवाताल कब्जाको कुरा अहिलेको होइन। फेवातालको जग्गा अतिक्रमणको चर्चा लामो समयदेखि चल्दै आएको हो। विभिन्न पटक गरिएका अध्ययनले पनि ताल अतिक्रमण भएको देखाएका छन्। तर यो अध्ययनमा मात्रै सीमित भयो। ती अध्ययनले सुझाएजस्तो अतिक्रमण रोक्ने उपाय सरकारले अवलम्बन गरेन। घुमाउरो पारामा अतिक्रमणकारीलाई सहयोग गर्दै आयो। ताल अतिक्रमण गरेर पूर्वाधारसमेत बनिसके। त्यसबारेमा हालै सञ्चारमाध्यममा समाचार प्रकाशित भएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अध्ययन गरिरहेको खबर पनि बाहिर आएको छ।

फेवातालको जमिन अतिक्रमणलाई सरकारले कडा कदम चालेर रोक्नुपर्छ। फेवाताल सानो हुँदै गएको छ। देशको सबैभन्दा बढी पर्यटक आउने ठाउँमा सरकारले ध्यान दिनु जरुरी छ। सरकारले अतिक्रमण रोकेन र यस्तै हुँदै गयो भने भोली हाम्रा सन्ततीले फेवाताल कस्तो थियो भन्ने देख्न पनि पाउँदैनन्। फेवातालबाट जति लाभ लिन पाउनुपर्ने हो, त्यति पोखराले लाभ लिन पाएको छैन। फेवातालमा व्यक्तिको नाममा बनेका लालपुर्जा खारेज हुनुपर्छ। र, यो जमिन नेपाल सरकारको नाममा आउनुपर्छ। यसको लागि राज्यले ठोस कदम चाल्नुपर्छ। यस क्षेत्रमा निर्माणमा पूर्णरूपमा प्रतिबन्ध लगाउनुपर्छ। यसमा विलम्ब गर्नुहुँदैन।

नेपाल सरकारको सम्बन्धित निकायले यो विषयमा गहिरो अनुसन्धान गर्नुपर्छ। फेवाताल अतिक्रमण गरेको जग्गा फिर्ता गराउनुपर्छ। कब्जावालालाई जरिबानासहित कार्वाही पनि हुनुपर्छ, ताकि अन्य सरकारी सम्पत्तिमा कुदृष्टि लगाउनेले चारपटक सोचून्। फेवाताल साँच्चै जोगाउने हो भने यसअघि अध्ययन समितिले गरेका विभिन्न प्रतिवेदन कार्यन्वयन गर्नै पर्छ। प्रतिवेदनले भनेअनुसार कसैलाई मुआब्जा दिनुपर्ने भए त्यसैअनुसार गर्नुपर्छ। नत्र जबर्जस्ती कब्जा गरेको भए उनीहरूको लालपुर्जा जफत पनि गर्न सक्नुपर्छ। पुर्ख्यौली सम्पत्ति रहेको भए मुआब्जा दिनुपर्छ। जबर्जस्ती कब्जा गरेको भए फिर्ता गराउनुपर्छ।

*- निमा श्रेष्ठ, काठमाडौं*

### खोई प्रचार सामग्री हटाएको ?

दोस्रो चरणअन्तर्गत असार १४ गते भएको स्थानीय तहको निर्वाचन सम्पन्न भएको महिना दिन बितिसकेको छ तर दार्चुलामा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाइएका छैनन्। मौन अवधि शुरु हुनुअघि नै निर्वाचनमा भाग लिने राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्ने आचारसंहितामा उल्लेख गरिएको भए पनि दार्चुला जिल्ला सदरमुकाम खलंगालगायत जिल्लाका विभिन्न सार्वजनिक स्थलहरूमा टाँसिएका उम्मेदवारका फोटोसहितका पर्चा-पम्प्लेट हटाइएका छैनन्। यहाँ अझै पनि प्रचार सामग्री देख्न सकिन्छ।

जिल्लाका कतिपय मतदान केन्द्रका ३ सय मिटरनजिक टाँसिएका प्रचार सामग्रीहरूसमेत हटाइएका छैनन्। निर्वाचनमा भाग लिने उम्मेदवारहरूको प्रचार सामग्री मौन अवधि शुरु हुनुपूर्व हटाउनुपर्ने व्यवस्था रहेको भए पनि यहाँ अहिले न त दलले हटाएका छन्, न त अन्य सरकारी निकायले हटाउन भनेको छ। त्यति मात्र नभई निर्वाचनमा भाग लिएका धेरैजसो राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले निर्वाचन खर्च विवरण पनि बुझाएका छैनन्। यो विषयमा जिल्ला निर्वाचन कार्यालय दार्चुलाको ध्यान जाओस्।

*- सीता कर्माचार्य, दार्चुला*

### नेपालमै केही गर्न सकिन्छ

हरेक मान्छेमा केही न केही कला लुकेको हुन्छ। सबैले त्यो बुझेका हुँदैनन्। कतिले त बुझेर पनि कलाको सही प्रस्तुति गर्ने अवसर पाएका हुँदैनन्। तर २०६४ सालमा स्नतक अध्ययन गर्दागर्दै विज्ञापन र कलाको क्षेत्रमा एकजाना सुदीपको आगमन भयो। नेपाली विज्ञापन बजार बिस्तारै मौलाइरहेको अवस्थामा यस क्षेत्रमा पनि भविष्य बन्न सक्छ भन्ने अठोटका साथ निरन्तर लागिपरेका सुदीप, नेपालका प्रतिष्ठित विज्ञापन एजेन्सी तथा कर्पोरेट हाउसहरूमा ग्राफिक्स डिजाइनर तथा भिजुअल एडिटरको रूपमा काम गरिसकेका छन्। उनी विभिन्न ब्रान्ड तथा कम्पनीहरूका लागि श्रव्यदृश्य विज्ञापन निर्माणको काममा लगातार लागिरहेका छन्।

टिभीमा देखिने विज्ञापन होस् वा पत्रिकामा छापिने अथावा होर्डिङबोर्डहरू, आफूले निर्माण गरेका सामग्री देखेर खुशी हुँदै यसले कलाको सम्मान भएको र नयाँ सृजनाका लागि थप ऊर्जा मिल्ने सुदीप बताउँछन्। सुदीप भन्छन्- ‘समयअनुसार विज्ञापन पस्कने कलामा पनि परिवर्तन गर्न जरुरी छ। अहिले त हरेक व्यक्तिको पहुँचमा छ सामाजिक सञ्जाल, त्यसमा व्यावसायिक तवरले आफ्नो कला देखाउन सकिन्छ।’

डिजाइनिङ तथा भिजुअल एडिटरको रूपमा विभिन्न अवार्ड कार्यक्रमहरूमा उनका कैयौं सृजनाहरू मनोनयनमा पर्नुका साथै कति सृजनाले त उपाधि उचाल्न सफल भइसकेका छन्। उनको कलालाई नेपालका विभिन्न संस्थाहरूले सम्मान पनि गरेका छन्। उनी भन्छन्- ‘नेपालमा अनुभवी एवं दक्ष डिजाइनर र एडिटरको अभाव छ। यदि अनुभवी र दक्ष भएर यो पेसामा कोही आउँछ भने भोकै मर्नुपर्दैन तर विश्वमा दैनिकरूपमा परिवर्तन हुने विज्ञापन बजारको बारेमा अध्ययनरत हुन जरुरी छ। भविष्यमा यस पेसालाई अझ व्यावसायिक बनाउँदै बेरोजगारीले पिल्सिएकाहरूलाई रोजगारी प्रदान गर्ने सुदीपको लक्ष्य छ। सुदीपले जस्तै नेपालमै केही गर्न सकिन्छ, विदेश नै जानुपर्छ पन्ने छैन।

*- सुमन अधिकारी*
smnsiru09@gmail.com

### सरोकारवालाको ध्यानाकर्षण

गत साउन २ गते यसै नेपाल समाचारपत्रमा प्रकाशित सडकमा गुणस्तरहीन सामग्री प्रयोग गरी लाखौं भ्रष्टाचार गर्ने ठेकेदार, सास्ती भोग्ने सर्वसाधारण’ शीर्षकको समाचारले रुकुमका सरोकारवालाहरूको ध्यानाकषण गराएको छ। सो समाचार प्रकाशन भएपछि सम्बन्धित पक्षले सडकका खाल्डाखुल्डी पुर्ने काम गरेका छन् भने वर्षादको समयमा पहिरो जान सक्ने सम्भावित ठाउँमा पहिरो हटाउन डोजरहरूलाई तयारीका साथ राखिएको छ।

सडक कालोपत्रे गर्दा गुणस्तरहीन सामग्री प्रयोग गरेपछि यति बेला सल्यानको श्रीनगरदेखि रुकुम मुसिकोटसम्मको सडक जीर्ण बन्दै गएको छ। राम्रो सामग्री प्रयोग गरेको भनी कमसल खालको सामग्री प्रयोग गरेपछि कालोपत्रे उप्किएको छ। सडक ओटासिल गरेको ३ वर्ष नबित्दै ठाउँ-ठाउँमा भत्किएर नालीमा परिणत भए पनि कसैको चासो नगएको भन्दै रुकुमका नागरिकले निकै चित्त दुखाएका छन्। राप्ती लोकमार्गअन्तर्गत रुकुम सल्यान खण्डको ठाउँ-ठाउँमा सडक भत्किएको छ।

रुकुम सदरमुकामनजिकैको सडक पनि नराम्रोसँग भत्किएको छ। सडक ओटासिल गर्ने ठेकेदारले कमसल सामग्री प्रयोग गरेकै कारण यस्तो सास्ती भोग्नुपरेको यातायात व्यवसायीहरूको भनाइ छ। सल्यान जिल्ला र रुकुम जिल्लाका जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति र अन्य सरोकारवालाले वर्षाद सकिएपछि सो सडकखण्डलाई व्यवस्थित बनाउनका लागि पहल थाल्नेसमेत बताएका छन्।

यस्तै लगातारको वर्षादका कारण रुकुमका विभिन्न सडक अवरुद्ध भएका छन्। ग्रामीण सडकहरू पूर्णरूपमा अवरुद्ध भएका छन् भने राप्ती लोकमार्गअन्तर्गतका सडकहरू अनियमित भएका छन्। सडक अनियमित बन्दा सदरमुकाम आउने तथा सदरमुकामबाट फर्कने यात्रुका लागि समस्या भएको छ। दैनिक उपभोग्य सामग्री ढुवानीमा पनि असहजता आएको छ। गाडी सञ्चालन नहुँदा दोब्बर मूल्यमा दैनिक उपभोग्य सामग्री खरिद गर्नुपर्ने बाध्यतामा स्थानीयहरू रहेका छन्। राप्ती लोकमार्गअन्तर्गत रुकुमको झुल्नेटानजिकै सडक भासिएपछि गाडी आवातजावतमा समस्या भएको छ। त्यसैले सरोकारवालाहरूको ध्यान केन्द्रित गर्न चाहन्छु।

*- गोपाल रेग्मी, चौरजहारी नपा-८, कोटजहारी*


### बाढीपीडितलाई व्यवस्थित गर

निरन्तरको वर्षाले देशभर बाढी-पहिरोले दर्जनौंको ज्यान खाएको छ। कैयौं हराएका छन्। बेपत्ता भएका छन्। बाढी-पहिरोले देशैभरि बबन्डर मच्चायो। प्राकृतिकरूपमा नै पीडितहरू ठगिएका छन्, चेपुवामा परेका छन्। अनाहकमा दु:ख पाएका छन्। पश्चिम नेपालका कतिपय पुल बगाएर सडक अवरुद्ध भएको छ। झापा, मोरङ, सुनसरी, सप्तरी, सर्लाही र रौतहट जिल्ला पूर्णरूपमा डुबानमा परेका छन्।

त्यसै गरी राप्ती नदीपारिको बस्तीसमेत डुबेको छ। प्रकोपबाट पीडित बनेकाहरूको उद्धारमा सुरक्षा संयन्त्र सक्रियरूपमा खटेर काम गर्नुपर्ने अवस्था छ। देशका विभिन्न स्थानमा आएको बाढीबाट विस्थापितलाई तत्काल उद्धार गर्नु राज्यको दायित्व हो। घरबारविहीन भएकालाई छिटो बासको व्यवस्था राज्यले मिलाउनुपर्छ।

*- सुशान्त आले, मोरङ, हाल : काठमाडौं*

## सामाजिक सञ्जाल



अस्थिरतामा डुब्ने देश, कहिले भारतको अतिवाद र महाकालीले डुब्छ, कहिले वर्षादको पानी र पहिरोले डुब्छ। राहत वितरणभन्दा कुनै दीर्घकालीन समाधान सोच्ने कि ?
**Sabita Dhimal**
**@SabitaDhimal**



बुद्ध नेपालमा जन्मेका हुन् भन्न पनि लाज लाग्छ कहिलेकाहीं, जहिल्यै अशान्ति, तोडफोड, बलात्कार, हत्या मात्र हुन्छ। सुन्दर-शान्त नेपाल कहिले हुने हो ?
सानी
**@nanimushii**



वर्तमान ७५ जिल्लाबाट ७७ जिल्ला आधार बनाई क्षेत्र निर्धारण गर्दा भूगोल बिर्सिएर जनसंख्यालाई मात्र महत्व दिए ती क्षेत्रको कहिल्यै विकास हुनेछैन।
बुद्धि पाण्डे
**@buddhipandey4**

डा. केसीको स्वास्थ्य अवस्था अत्यन्तै चिन्ताजनक रहेकाले छिट्टै माग सम्बोधन गरेर अनशन तोडाउन आइतबार दिनभर माओवादी अध्यक्ष प्रचण्डले सक्रियता देखाउनुभएको थियो।

### माथेमा प्रतिवेदन कार्यान्वयन गर्न प्रम सहमत

# अझै टुंगिएन अनशन

प्रशान्त वली, काठमाडौं

२२ दिनदेखि अनशन बस्दै आउनुभएका प्राडा गोविन्द केसीका माग र माथेमा कार्यदलको प्रतिवेदनका आधारमा चिकित्सा शिक्षा कानुन बनाउन प्रधानमन्त्री शेरबहादुर देउवा सहमत हुनुभएको छ। माथेमा कार्यदलको प्रतिवेदनमा सम्बन्धन, चिकित्सा शिक्षा शुल्क मापदण्डलगायतका विषय उल्लेख छन्।

संसदीय समितिले पारित गरेको चिकित्सा शिक्षा विधेयकले आन्दोलनको मर्म समेट्न नसकेको भन्दै डा. केसीले असहमति जनाएपछि नयाँ शिराबाट वार्ता थालिएको हो। यस क्रममा शनिबार र आइतबार प्रधानमन्त्री देउवासँग छलफल भयो। डा. केसीले भनेअनुसारै कानुन पास गर्न र आवश्यक परे मनमोहन कलेज सरकारले किन्न प्रधानमन्त्री देउवा तयार रहेको बताइएको छ।

यद्यपि अनशनरत डा. गोविन्द केसी र सरोकारवाला निकायबीच आइतबार चरण-चरणमा वार्ता भए पनि निष्कर्षमा पुग्न सकेन। आइतबार डा. केसीका वार्ता टोली सदस्यका प्रतिनिधि र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच उहाँकै निवास लाजिम्पाटमा छलफल भएको छ।

छलफलमा अध्यक्ष प्रचण्डले भन्नुभयो- 'काठमाडौं उपत्यकामा १० वर्षसम्म नयाँ मेडिकल कलेज खोल्न नदिने र मनमोहन मेडिकल कलेजलाई सरकारले खरिद गर्नुपर्ने डा. केसीको माग सकारात्मक छ, यसले मेडिकल शिक्षालाई मर्यादित बनाउँछ भन्ने मेरो ठम्याइ छ। म प्रधानमन्त्री हुँदा पनि उहाँले उठाएका समस्या सम्बोधन गर्न सकारात्मक कुराकानी भएको हो। तर, कतिपय कानुनी र प्रशासनिक जटिलताका कारण सबै काम सम्पन्न हुन सकेन। अब चिकित्सा शिक्षा विधेयक ऐनमा त्यसबारे ठोस व्यवस्था गरेर डा. केसीलाई आश्वस्त पार्नुपर्छ र अनशन तोडाउनुपर्छ। मेरोतर्फबाट सकारात्मक पहल हुन्छ।'

भेटमा प्रतिनिधि मण्डलले डा. केसीको स्वास्थ्य अत्यन्त कमजोर हुँदै गएकाले उहाँले उठाएका माग सम्बोधन गरी अनसन तोडाउने पहल गर्न प्रचण्डसँग आग्रह गरेको थियो।

डा. केसीको स्वास्थ्य अवस्था अत्यन्तै चिन्ताजनक रहेकाले छिट्टै माग सम्बोधन गरेर अनशन तोडाउन आइतबार दिनभर माओवादी अध्यक्ष प्रचण्डले सक्रियता देखाउनुभएको थियो। माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसहित कांग्रेस नेता रामचन्द्र पौडेल पुन: प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री देउवा, कांग्रेस, माओवादी, शिक्षा मन्त्रालयका प्रतिनिधि, स्वास्थ्य मन्त्रालयका प्रतिनिधि र सरकारी वार्ता टोलीका सदस्यहरूको बैठकसमेत बसेको थियो।

प्रधानमन्त्री देउवाले डा. केसीको अनशनका विषयमा वार्तास्थलबाटै मनमोहन मेडिकल कलेजका सञ्चालक राजेन्द्र पाण्डेलाई टेलिफोन गरी सोध्नुभएको छ। प्रधानमन्त्री देउवाले डा. केसी सिकिस्त भएको भन्दै अनशन तोडाउन मनमोहन मेडिकल कलेज सरकारले खरिद गर्ने कुरा उल्लेख गर्दै आफूलाई टेलिफोन गरेको पाण्डेले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

सञ्चालक पाण्डेले भन्नुभयो- 'मलाई प्रधानमन्त्री देउवाले टेलिफोन गरी मेडिकल कलेज बिक्री गर्न आग्रह गर्नुभयो। मैले यो रियल स्टेट कम्पनी होइन। २ हजार ५ सय मान्छे मिलेर नाफा नखाने उद्देश्यले खोलिएको संस्था हो। नेपाल स्वास्थ्य सहकारी संस्था नाम दिएर जनतालाई स्वास्थ्य सेवा दिइरहेका छौं। हामीले कलेज बिक्री गर्दैनौं। यो विशुद्ध सहकारी कार्यक्रम हो भनेर जवाफ फर्काएँ।'

बैठकमा प्रचण्डले डा. केसीका माग सकारात्मक भएकाले तत्काल सम्बोधन गरेर अनशन तोडाउनुपर्ने प्रस्ताव गर्नुभएको थियो।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको प्रस्तावमा प्रधानमन्त्री देउवासहित कांग्रेस नेताहरू सकारात्मक देखिए पनि एमालेले नमानेपछि बैठक ठोस निष्कर्षमा पुग्न सकेन। छलफलमा माओवादी केन्द्रका उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, स्वास्थ्य सचिव डा. किरण रेग्मी, शिक्षा सचिव शान्तबहादुर श्रेष्ठ, प्रधानमन्त्री कार्यालयका सचिव सहभागी हुनुहुन्थ्यो। बैठकमा डा. केसी पक्षका वार्ता टोलीलाई भने बोलाइएको थिएन।

यसैबीच, चिकित्सा शिक्षाको विकृतिविरुद्ध २२औं दिनदेखि अनशनरत डा. गोविन्द केसीको अवस्था दिन प्रतिदिन नाजुक बन्दै गएको छ। आइतबार बेलुकी ७ बजेसम्मको स्वास्थ्य परीक्षणअनुसार केसीको अक्सिजनको मात्रा ७० प्रतिशतमा घटेको उपचारमा संलग्न डाक्टरहरूले बताएका छन्। जुन सामान्य मानिसमा ९५ प्रतिशत हुन्छ। मुटुको चाल २ सय प्रतिमिनेट पुगेको छ। सामान्य मानिसमा ७० पर मिनेटसम्म हुन्छ।

यस्तै सेतो रक्त कोषिकाको मात्रा ६ हजारदेखि ११ हजार हुनुपर्नेमा २३ सय मिलिमिटर क्विव देखिएको डा. सुमन आचार्यले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। डा. केसीको मुटुको चाल बढेपछि भेट गर्न नदिइएको उहाँका सहयोगी विषण दाहालले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

डा. केसीले संसद्को महिला, बालबालिका तथा समाज कल्याण समितिले पारित गरेको चिकित्सा शिक्षा विधेयकमा असहमति जनाउनुभएको छ। डा केसीसँग नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले पनि आइतबार भेटेर अवस्था बुझ्नुभएको थियो।

## कर्मचारीलाई बिदामा नबस्न निर्देशन

काठमाडौं, (नेस)

बाढीबाट प्रभावितहरूको नि:शुल्क स्वास्थ्य उपचारका लागि सरकारले देशका प्रभावित चार स्थानमा टोली खटाएको छ।

स्वास्थ्यकर्मीको टोलीले विराटनगर, जनकपुर, रौतहट र नेपालगन्ज केन्द्रित रहेर बाढी प्रभावितको नि:शुल्क स्वास्थ्य उपचार गर्ने स्वास्थ्य मन्त्रालयले आइतबार पत्रकार सम्मेलन गरेर जनाएको हो।

बाढी प्रभावित जिल्लाका सबै अस्पतालमा ७ दिनका लागि नि:शुल्क स्वास्थ सेवा दिन मन्त्रालयले निर्देशन दिएको छ। बाढी, पहिरो तथा डुबानबाट सिर्जित समस्यालाई मध्यनजर गर्दै स्वास्थ्य मन्त्रालयले सबै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीलाई कार्यक्षेत्रमा रहेर बाढी प्रभावितको स्वास्थ्य उपचारमा खटिन निर्देशन दिएको छ।

बाढीपछि देखिने झाडापखाला, हैजा, आउँ, हेपाटाइटिस, टाइफाइड र सर्पदंशजस्ता समस्याको रोकथाम तथा उपचारका लागि आवश्यक, औषधि र स्वास्थ्यकर्मी तयारी अवस्थामा राख्न निर्देशन दिइएको स्वास्थ्य मन्त्रालयका सचिव डा. किरण रेग्मीले बताउनुभयो।

अविरल वर्षासँगै देशैभरि आएको बाढी-पहिरोका कारण स्वास्थ्यमा आउनसक्ने जोखिम न्यूनीकरण गर्न स्वास्थ्य मन्त्रालयले १० बुँदे निर्देशन जारी गरेको छ। स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलको निर्देशनअनुसार स्वास्थ्य सचिवको अध्यक्षतामा बसेको विपद् व्यवस्थापन निर्देशन समितिको बैठकले देशभरिका स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई निर्देशन जारी गरेको हो।

निर्देशनमा भनिएको छ- 'बाढीपश्चात् देखिने रोगहरू झाडापखाला, हैजा, आउँ हेपाटाइटिस, टाइफाइड र सर्पदशंजस्ता समस्याहरू देखापर्नसक्ने हुँदा आवश्यक औषधि र स्वास्थ्यकर्मी तयारी अवस्थामा राख्ने। विपद्को व्यवस्थापन गर्न स्वास्थ्य सेवा विभागका उपमहानिर्देशकको संयोजकत्वमा विपद् व्यवस्था कमिटी बनाई कार्यान्वयन गर्ने।'

यसैबीच स्वास्थ्यमन्त्री गिरिराजमणी पोखरेलले स्वास्थ्यसँग सरोकार राख्ने कर्मचारीलाई बिदामा नबस्न निर्देशन दिनुभएको छ। स्वास्थ्यमन्त्री पोखेलले आइतबार पत्रकार सम्मेलन गरी अविरल वर्षका कारण आएको बाढी-पहिरोका कारण देखिन सक्ने स्वास्थ्य समस्यालाई मध्यनजर गरी विपतको समयमा बिदामा नबसी आफ्नो कार्यक्षेत्रमा रहेर कार्य गर्न निर्देशन दिनुभएको छ।

बाढीबाट प्रभावित सबै अस्पतालहरूमा ७ दिनसम्म प्रभावितका लागि नि:शुल्क स्वास्थ्य व्यवस्था मिलाउनसमेत मन्त्री पोखेलले मातहतका कर्मचारीलाई निर्देशन दिनुभयो।

मन्त्री पोखेलले भन्नुभयो- 'कतिपय स्वास्थ्यका कर्मचारीहरू सदरमुकाम र राजधानीमा बसेको सुनेको छु। सरकारी स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मीलाई छुट्टीमा नबस्न, तालिम, भेला, गोष्ठीलगायतका सम्पूर्ण कार्य रोकी कार्यस्थलमा फर्केर आफ्नो जिम्मेवारी सम्हाल्न, २४सै घण्टा फिल्डमा रहेर सेवा दिन र आवश्यक औषधि तथा जनशक्तिको व्यवस्था मिलाउन आग्रह गर्दछु। करिब ६० प्रतिशत बजेट स्थानीय तहमा नै रहेकाले प्रभावित र पीडितलाई सहजरूपमा सेवा पाउने व्यवस्था मिलाउन पनि अनुरोध गरेको छु।'

## अरिङ्गालको टोकाइबाट मृत्यु

डोटी, (नेस)

डोटीमा अरिङ्गालको टोकाइबाट एक महिलाको मृत्यु भएको छ। इलाका प्रहरी कार्यालय, दीपायलका प्रमुख प्रहरी नायव निरीक्षक दिलबहादुर कुँवर दिनुभएको जानकारीअनुसार आइतबार दिउँसो जंगलमा घाँस काट्न गएको बेला अरिङ्गालले टोक्दा दीपायल सिलगढी नगरपालिका-१ घटाली गाउँ बस्ने वर्ष २० की पदमा जोशीको मृत्यु भएको हो।

अरिङ्गालको टोकाइबाट घाइते भएकी जोशीलाई उपचारका लागि सुजंग अस्पताल राजपुरमा ल्याएपछि उनको मृत्यु भएको अस्पतालले जनाएको छ।

## विभाजित राप्रपाको पत्राचार

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट विभाजित राप्रपा (प्रजातान्त्रिक) ले थप सनाखत गर्नु नपर्ने जवाफसहितको पत्र आयोगलाई बुझाएको छ।

साउन २२ गते दल दर्ताका लागि निवेदन दिएको पशुपतिशमशेर राणा नेतृत्वको राप्रपा (प्रजातान्त्रिक) लाई आयोगले सनाखतका लागि आइतबार बोलाएको थियो। यसअघि नै सनाखत भइसकेकाले थप सनाखत गर्न नपर्ने पत्र आयोगमा बुझाइएको छ।

राप्रपाबाट विभाजित भएर निर्वाचन आयोगमा दर्ताका लागि निवेदन दिएको राप्रपा (प्रजातान्त्रिक) ले आफूसँग थप १० केन्द्रीय सदस्य रहेको भन्दै १० दिनको समय पनि माग गरेको छ। आयोगले राप्रपा (प्रजातान्त्रिक) लाई आइतबार बिहान ११ बजेदेखि साँझ ५ बजेसम्मको समय तोकेको थियो। तर, राप्रपा (प्रजातान्त्रिक) का नेताहरूले बिहान साढे १० बजे नै जवाफसहितको पत्र आयोगलाई बुझाएका थिए।

राप्रपा प्रजातान्त्रिकले दर्ता प्रमाणपत्र पाउन निर्वाचन आयोगमा कायम रहेका केन्द्रीय समितिको ४० प्रतिशत र संसदीय दलको पनि ४० प्रतिशत सदस्य पुऱ्याउनुपर्ने हुन्छ।

निर्वाचन आयोगमा राप्रपाको महाधिवेशनपछि १ सय १९ सदस्यीय केन्द्रीय समिति अभिलेख गरिएको थियो। पछि असार २८ गतेको पत्राचारबाट मनोनित गरेका ४२ सदस्यसहित राप्रपाको केन्द्रीय समिति १ सय ६१ सदस्यीय भएको थियो।

## बाढीले गोदावरी पुल भासियो

भक्तपुर, (नेस)

भीषण वर्षाका कारण भक्तपुर र ललितपुरको सीमाना भएर बग्ने गोदावरी खोलामा आएको बाढीले यहाँको बस्ती डुबानमा परेको छ। वर्षाका कारण बालकोट हाइट र हनुमन्ते खोलामा आएको बाढीले यहाँ आसपासका घर-टहरा डुबाउनुका साथै धान र मकैखेती नष्ट भएको छ। ललितपुरको महालक्ष्मी नगरपालिकाको वडा नं. ५ र ७ मा पर्ने टीकाथली र चाँगाथली जोड्ने गोदावरी खोलाको सवारी चल्ने फलामे पुल भासिँदा यातायात सेवासमेत ठप्प भएको छ।

फलामे पुल भासिएपछि पुलबाट चारपांग्रे सवारीसाधनलाई आवत-जावत गर्न रोक लगाइएको छ। बाढीका कारण पुलको पश्चिमतर्फको केही भाग भासिएको थियो। बाढीले गोदावरी खोलाको दायाँबायाँतर्फका ५० मिटरसम्म बनेका घर टहरामा ५ फिटसम्म पानी छिरेको छ।

### महामारीको...

उता लालबकैया नदीले देवाही गोनाहीलगायतका स्थानमा तटबन्ध भत्काएर पसेको बाढीले चन्द्रनिगाहपुर सदरमुकाम गौरको वीरेन्द्र राजमार्गको सरुअठामा १ सय मिटर सडक कटान गरेको छ। खोलाको र जमेको पानी सो सडकको बीचबाट नै बगिरहेको छ। बीच सडक भएर खोला नै बग्न थालेपछि सदरमुकाम गौर जाने आउने सवारीसाधन सञ्चालन हुन सकेको छैन। उता सदरमुकाम गौरमा पाँच फिटसम्म पानी जमेको राजपाका नेता अनिल सिंहले बताउनुभयो। उद्धार र राहत कार्य हुन नसक्दा रौतहटको वास्तविक अवस्था यकिन हुन सकेको छैन। प्रमुख जिल्ला अधिकारी उद्धव थापा र प्रहरी उपरीक्षक यज्ञविनोद पोखरेल सम्पर्कविहीन बनेको राजपाका नेता अनिल सिंहले बताउनुभयो।

**बर्दियामा ३ को मृत्यु**

बर्दिया संवाददाताका अनुसार शुक्रबारदेखिको अविरल वर्षाले बबई तथा मान नदी, ओराई खोलालगायतमा आएको बाढीबाट डुबानमा परी ७४ हजार जना प्रभावित भएका छन्। प्रभावितमध्ये ४ हजार ३ सय ८८ घरपरिवारका २४ हजार ५ सय ७४ जना विस्थापित भएका छन्।

बाढीका कारण १३ हजार ३ सय ६२ घरधुरीका ७४ हजार ३ सय २७ जनसंख्या प्रभावित बनेकोमा आइतबार साँझसम्मको तथ्यांकअनुसार २ हजार १ सय ७३ घरमा पूर्ण र ८ हजार ९ सय ६२ घरमा आंशिक क्षति पुगेको जिल्ला आपत्कालीन सूचना केन्द्रका सूचना अधिकृत रूपन ज्ञवालीले जानकारी दिनुभयो।

बाढीका कारण मृत्यु हुनेको संख्या ३ र घाईतेको संख्या ४ पुगेको छ।

शनिबार रातिदेखिको झरीले घरको भित्ता भत्किँदा ठाकुरबाबा नगरपालिका-२ सत्ताघरुवाकी ७० वर्षीया साउनी थारूको ज्यान गएको छ।

स्थानीय ओराली खोलमा आएको बाढीका कारण शनिबार बिहानदेखि बेपत्ता बारबर्दिया नगरपालिका वडा नम्बर-१० गन्धर्व टोलका राजेन्द्र चौधरी आइतबार दिउँसो बबई नदीको जब्दीघाटमा मृत अवस्थामा फेला परेका छन्।

यस्तै ठाकुरबाबा-५ खोनपुरका ६० वर्षीय गोविन्द थारूको पनि बाढीले बगाएर ज्यान गएको छ।

बाढीका कारण नष्ट भएका भौतिक संरचना र मरेका पशु चौपायाको भने रेकर्ड आउन बाँकी नै छ।

बबई नदीमा आएको बाढीले बर्दियाको गुलरिया, बारबर्दिया, ठाकुरबाबा, मधुवन र बाँसगढी नगरपालिकाका अधिकांश भू-भाग डुबानमा परेका छन्। डुबानमा परेकालाई नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, स्थानीय विपत व्यवस्थापन समितिका सदस्य, तालिम प्राप्त रेडक्रस स्वयंसेवकहरूद्वारा उद्धार गरी सुरक्षित क्षेत्रमा राखिएको छ। ४३ जनालाई नेपाली सेनाको हेलिकोप्टरले उद्धार गरेको प्रमुख जिल्ला अधिकारी विष्णुबहादुर थापाले बताउनुभयो।

नेपाली सेनाले डुङ्गामार्फत् पनि उद्धार गरेको छ। उनीहरूलाई स्थानीय विद्यालय, सामुदायिक भवन तथा सडकका किनारमा राखिएको छ। मानिसहरू अझै पनि छतमा वा माथिल्लो तलामा बस्ने वा डुबानमा नपरेका स्थानका आफन्तहरू कहाँ शरण लिइरहेका छन्।

बबई नदीमा पानीको बहाव बढेकाले पूर्व-पश्चिम राजमार्ग, गुलरिया नेपालगन्ज सडकखण्ड जलमग्न हुँदा बाटो अवरुद्ध भएको छ। बाटो अवरुद्ध हुँदा नेपालगन्ज गुलरिया सडकखण्डको शीतलाबजारमा सयौं यात्रुहरू अलपत्र परेका छन्।

जिल्ला प्रकोप उद्धार समितिले तत्काल तयारी खानाका लागि स्थानीय तहमार्फत् व्यवस्थापन मिलाइएको बताउँदै विषयगत क्षेत्र सबैलाई विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा रही सहयोग गर्न आग्रहसमेत गरेको छ।

जिल्ला दैवी प्रकोप उद्धार समितिले ववई नदि जलाशय वरपरिका सबै तटीय क्षेत्रका वासिन्दालाई उच्च सर्तकता अपनाउन अपिल गरेको छ। डुबान कायमै रहेकोले स्कुल, सरकारी तथा निजी कार्यालयहरू र कलकारखानाहरू बन्दै रहेको छ।

गुलरिया नगरपालिका भएर बग्ने बबई नदीको बहाव उच्च भएपछि पानी बस्तीमा प्रवेश गरेकाले गुलरिया नगरपालिकाका अधिकांश ठाउँहरू जलमग्न भएका छन्। बालापुर, सन्तोषी टोल मानुभक्त टोल, भैसाही, थपुवा, लटकनिया, पर्सिया, विधुत् टोल, रत्नापुर, महिजिदिया, बालापुर, सूर्यगौडी, इन्द्रपुर, टँडुवा, कोठिया, भादा, खैरापुर, पण्डितपुरलगायतका क्षेत्रमा बाढीको पानीले जलमग्न गरेको छ।

बाढीका कारण बर्दियाको सदरमुकाम गुलरिया नगरपालिकामा रहेको जिल्ला अस्पतालसमेत डुबानमा परेको छ। भुरीगाउँ, बाँसगढी, मगरागाडी, ठाकुरद्वारालगायतका मुख्य बजार पनि जलमग्न भएका छन्। सदरमुकाम गुलरियाको संगम बस्ती, बालापुर, मस्जिदिया, खैरापुरलगायतका स्थानमा बाढीमा फसेकालाई उद्धार गर्न नसकिएपछि हेलोकोप्टरबाट उद्धारका लागि आग्रह गरिएको छ। जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रका सूचना अधिकृत रूपन ज्ञवालीका अनुसार करिब २ सय घरपरिवारलाई उद्धार गर्न हेलिकोप्टर माग गरिएको हो।

**५० हजार बासिन्दा विस्थापित**

राजविराज संवाददाताका अनुसार विगत ५ दिनदेखि अविरल वर्षासँगै सप्तरीको विभिन्न नदीमा आएको बाढीले सर्वसाधारणको जनजीवन अस्तव्यस्त बनेको छ।

खाँडो, जिता, सुन्दरी, महुली र सप्तकोशीको बाढी गाउँमा पस्दा सप्तरीको तिलाठी कोइलाठी गाउँपालिका वडा नम्बर ५, ६, २, १ का ३ हजार बढी स्थानीय बासिन्दा गाउँमा रहेका छन्।

यसै गरी हनुमाननगर कंकालिनी नगरपालिका-१४ रम्पुरा मल्हनियाँका ३ हजार बढी बासिन्दा बाढीका कारण गाउँमा पसेका छन्। केहीलाई स्थानीय प्रशासनले डुंगाको सहयोगमा सुरक्षित स्थानतर्फ ल्याइरहेका छन्। वर्षा नरोकिँदा र डुंगाको अभावमा उद्धारमा समस्या भइरहेको सप्तरीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालले बताए।

बाढीका कारण सप्तरीको तिरहुत गाउँपालिका, सप्तकोशी नगरपालिका, कञ्चनरुप नगरपालिका, महदेवा गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, डाकनेश्वरी नगरपालिका र बोदे बर्साइन नगरपालिकाका १० हजार परिवारका ५० हजार सर्वसाधारण बाढीका कारण विस्थापित हुनुपुगेको प्रजिअ कटवालले बताए।

यता राजविराज सदरमुकाम पूर्णरूपमा जलमग्न भएको छ। राजविराजको विभिन्न वडामा स्थानीयबासीको घरमा ५ फिटसम्मको पानी जमेको छ। बाढीले राजविराज-रूपनी सडक खण्डको मलेठमा र राजविराज-कुनौली सडकखण्डको रञ्जितपुरमा पुल बगाउँदा सदरमुकामसँग सम्पर्क विच्छेद भएको छ।

हुलाकी सडक खण्डको राजविराज-भारदह सडक खण्डको फर्सैठ, तोपा र मन्सापुरमा कटान शुरू गरेका कारण नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी कटान रोकथामका लागि जुटिरहेका छन्।

यता सप्तरीको कुशहा, हनुमाननगर, सकरपुरा, बभनगामाकट्टी, बथनाहा, ढिकुली मझौरा, भगवानपुर, को. बसाइन, लौनियाँ, विषहरियालगायतका गाउँमा पानी पसेपछि सर्वसाधारण भोकभोकै बस्न बाध्य छन्।

स्थानीय प्रशासनले आइतबार बिहानैदेखि गाउँमा फसेका सर्वसाधारणलाई सुरक्षित स्थानतर्फ ल्याउनका लागि भीमदल गण राजविराजका नेपाली सेनालाई खटाइएको छ। वर्षा नरोकिएका कारण क्षतिको विवरण संकलनमा कठिनाइ भइरहेको छ।

सप्तकोशी नदीमा पानीको बहाबसँगै ३३ वटा ढोका खोलिएका छन्। सबै ढोकाहरू खोल्नुपर्ने स्थानीय प्रशासनले गृह मन्त्रालयलाई पत्र लेखिएको प्रजिअ कटवालले बताए। सप्तरीको अधिकांश भू-भाग बाढीका कारण जलमग्न भएका छन् भने किसानले हजारौं हेक्टर जग्गामा लगाएको धानबाली नष्ट भएका छन्।

बाढीसँगै नेपाल टेलिकम र एनसेलको नेटवर्क गए रातिदेखि सञ्चालनमा आएको छैन भने बिजुली नहुँदा थप समस्या उत्पन्न भएका छन्।

**पहिरोले घर पुरिँदा वृद्धको मृत्यु**

यसैबीच इलाम संवाददाताका अनुसार पहिरोले घर पुरिँदा आइतबार यहाँ एक वृद्धको मृत्यु भएको छ।

माई नगरपालिका-८ का ९७ वर्षीय मदन मगरको पहिरोले घर पुरिँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। पहिरो जाँदा घरमा मगर एक्लै हुनुहुन्थ्यो।

**बगाएको गैंडा गाउँ पस्यो**

नवलपरासी संवाददाताका अनुसार लगातारको भारी वर्षाका कारण जिल्लाको जनजीवन आइतबार पनि अस्तव्यस्त बनेको छ। वर्षा र बाढीका कारण जिल्लाका सयौं घर डुबानमा परेका छन्।

३ दिनदेखि अवरुद्ध दाउन्ने पहाडस्थित पूर्व-पश्चिम मुख्य राजमार्ग डाईभर्सन खोलेर एकतर्फी खुलाइएको बर्दघाट प्रहरीले जनाएको छ।

बाटो एकतर्फी खोलिए पनि पटक-पटक सडक भासिने, पहाडबाट पहिरो तथा रुखहरू ढल्ने क्रम पनि जारी रहेका कारण यात्रा जोखिमपूर्ण बनिरहेको एक यात्रुले बताए। नारायणी नदीमा आएको कारण भारतले नेपाली भू-भाग हुँदै उत्तर प्रदेशतर्फ लगेको पश्चिम गण्डक नहर बन्द भएको छ।

प्रतापपुर र रानीनगरबीचको क्षेत्रमा नहर भासिन लागेपछि स्थानीयको अनुरोधमा भारतले नहर बन्द गरेको हो। यसैबीच नारायणी नदीको बहावमा परी चितवन राष्ट्रिय निकुञ्जबाट गैंडा, हरिण, बँदेललगायतका विभिन्न जंगली जनावर बग्दै आएको नर्सहीका स्थानीयले बताएका छन्।

सोही क्रममा नारायणी नदीमा बग्दै आएको दूर्लभ एकसिंगे गैंडा नसर्हीस्थित १७ नम्बर ठोक्कर नजिकबाट नेपालतर्फ स्थानीय उखुबारीमा पसेको बताइएको छ। सो कुराको पुष्टि स्थानीय प्रहरीले गरेको छ।

**अधिकांश राजमार्ग अवरुद्ध**

लगातारको वर्षापछि आएको बाढी र पहिरोले देशका अधिकांश राजमार्गहरू अवरुद्ध भएका छन्।

बाढीका कारण आएको पहिरोले पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपरासीको बर्दघाट, दाउन्नेमा सवारी अवागमन अवरुद्ध भएको खबर प्राप्त भएको छ। पूर्व-पश्चिम राजमार्गमै रहेका विभिन्न खोलामा बनेमा धेरै पुल भासिएको तथा केही भाँचिएको पनि स्रोतले बताएको छ।

स्थानीय प्रहरीले दिएको जानकारीअनुसार पहिरोबाट बाटो अवरुद्ध भएपछि एकतर्फीरूपमा बाटो सञ्चालन गर्दा सडक भासिएको कारण दाउन्नेमा सवारी अवागमन अवरुद्ध भएको बताइएको छ।

त्यस्तै पूर्व-पश्चिम राजमार्गअन्तर्गत चितवनको कालिखोलामा पहिरो आएको कारण मग्लिन-नारायणगढ सडक खण्ड अवरुद्ध भएको छ। चितवन प्रहरीका अनुसार सो सडक खण्ड भएर चल्ने सवारीसाधन पहिरोका कारण बाटोमै रोकिएका छन्।

लगातारको वर्षाका कारण आएको पहिरोले सिद्धार्थ राजमार्ग पनि अवरुद्ध भएको छ। सो राजमार्गअन्तर्गत पाल्पाको चौबीस माइल भन्ने ठाउँमा पहिरोका कारण बाटो अवरुद्ध हुँदा सवारी अवागमन ठप्प भएको छ।

त्यस्तै, बीपी राजमार्गअन्तर्गत बर्दिबासमा पहिरो गएको कारण सवारी अवागमन ठप्प भएको बताइएको छ। उक्त स्थानमा झरेको पहिरो प्रहरी सेना तथा स्थानीयबासीको सक्रियतामा हटाएपछि सवारी पुन: सुचारु भएको छ। दक्षिणकाली हुँदै हेटौंडा जाने बाटो वर्षा र पहिरोका कारण अवरुद्ध भएको जनाइएको छ।

लगातार वर्षापछि आएको बाढी र पहिरोका कारण देशका अधिकांश सडकहरू अरुवद्ध हुँदा सयौं सवारीसाधन तथा हजारौं यात्रु अलपत्र भएका छन्। सडक अवरुद्ध हुँदा जनजीवन अस्तव्यस्त भएको छ।

महोत्तरी संवाददाताका अनुसार महोत्तरीमा विगत ४ दिनदेखि परेको अविरल वर्षाले रातो, भब्सी, बिग्ही र जंघा नदीमा बाढी आएपछि महोत्तरीलगायत दर्जनौं सरकारी कार्यालयहरु डुबानमा परेको छ। बाढीले सदरमुकाम जलेश्वरमा एकको मृत्यु भएको छ।

महोत्तरीमा विगत ४ दिनदेखि परेको अविरल वर्षाले रातो, भब्सी, बिग्ही र जंघा नदीमा बाढी आएपछि जलेश्वमा एकको मृत्यु भएको छ। मृत्यु हुने जलेश्वर नगरपालिका-२ खैराचौक निवासी रामकुमार ठाकुरको अन्दाजी १५ वर्षीय छोरा बिक्की कुमार ठाकुर रहेको प्रहरीले जनाएको छ। मृतक ठाकुरलाई घर नजिकैबाट आएको बाढीले बगाउँदा उनको मृत्यु भएको हो।

**बारामा बाढीले ३ मृत्यु**

बारा संवाददाताका अनुसार अविरल वर्षापछिको बाढीका कारण बारामा एक बालकसहित ३ को मृत्यु भएको छ। मृत्यु हुनेमा महागढीमाई नपा १ का नुरिन आलमका १२ वर्षीय छोरा मौफुज, निजगढ नपा ११ की ३५ वर्षीय भगनीदेवी कुँवर र सिम्रौनगढ नपा ८ की ४५ वर्षीय गहनी पासवान रहेका छन्। मौफुजको आइतबार दिउँसो २.३० बजे खेतको बाढीमा डुबेर मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय, बाराका अनुसार साथीसँग पौडी खेल्न भनेर बाढी आएको खेतमा गएका मौफुजको डुबेर मृत्यु भएको हो।

### अझै...

चितवन, नवलपरासी, कपिलवस्तु, दाङ, बाँके, बर्दिया र आसपासका जिल्लामा भारी वर्षाको सम्भावना रहेको उहाँले बताउनुभयो। आज सोमबार अपराह्नदेखि भने सक्रिय मनसुन क्रमश: कमजोर हुँदै जाने र मौसम सुधार हुने पौडेलले जानकारी दिनुभयो।

तर, मनसुन अवधि अझै बाँकी रहेकाले देशैभरिको मौसम बदलिने र हल्का वर्षा हुने गतिविधि भने प्राय: हरेक दिन दोहोरिने महाशाखाले प्रस्ट्याएको छ।

मौसम विभागको बाढी पूर्वानुमान शाखाका अनुसार राप्ती र बबई नदीले आइतबार अपराह्नसम्म धेरै स्थानमा खतरा र चेतावनी तह पार गरेकाले जोखिमको सम्भावना उच्च रहेको बताएको छ।

बबई र राप्ती नदीमा बढेको बाढीको सतहका कारण बाँके र बर्दियाका तल्लो तटीय क्षेत्रका बस्ती उच्च जोखिममा रहेको बाढी शाखा प्रमुख राजेन्द्र शर्माले बताउनुभयो।

'मध्य र पश्चिमी भेगमा वर्षाको मात्रा अझै बढ्ने अवस्था छ, उहाँले भन्नुभयो- 'नारायणी, कणालीसहित पश्चिमी क्षेका नदी तटीय क्षेत्र आसपासमा बसोबास गर्ने स्थानीयलाई सुरक्षित स्थानमा स्थानान्तरण हुन पटक-पटक सन्देश सम्प्रेषण गरिएको छ।' नारायणीदेखि पश्चिम क्षेत्रका जोखिम बस्तीका करिब साढे ३ लाख स्थानीयलाई सुरक्षित स्थानमा स्थानान्तरण हुन आइतबार 'मास एसएमएस' पठाइएको शर्माले बताउनुभयो।

आज सोमबार बाग्मती, पूर्व राप्ती, रिउ, विनय, अरुण, तिनाउ, बाणगंगालगायतका खोला र किनारा आसपासका क्षेत्र उच्च जोखिमा रहने बाढी शाखाले प्रस्ट्याएको छ। पूर्वी भेगमा वर्षाको मात्रा घट्न थालेपछि अधिकांश खोला र नदीमा पानीको सतह घट्ने क्रममा रहेको बाढी शाखाले जनाएको छ।

### कांग्रेस...

व्यवस्थापिका संसद्मा कांग्रेसका २ सय ७ जना सदस्य छन्। कांग्रेस कार्यसम्पादन समितिका सदस्य दिलेन्द्रप्रसाद बडुले नेपाल समाचारपत्रलाई जानकारी दिनुभएअनुसार बाढी-पहिरोपीडितको उद्धार र राहतका लागि नेपाली कांग्रेसका सांसदहरुद्वारा आफ्नो एक महिना बराबरको तलब राहतस्वरूप उपलब्ध गराउने निर्णय गर्नुका साथै उद्धार कार्यमा सरकारले गम्भीरताका साथ र युद्धस्तरमा काम गर्नका लागि ध्यानाकर्षण पनि गराइएको छ।

कांग्रेस बैठकले बाढी, पहिरो र डुबानका कारण क्षति भएका सडक, विद्यालय, पुलपुलेसा लगायत भौतिक पूर्वाधारहरुको यथाशीघ्र पुनर्निर्माणका लागि पनि सरकारसँग आग्रह गरेको छ। 'प्राकृतिक विपत्तिको यस संवेदनशील घडीमा प्रभावित नागरिकको जीवन रक्षा, उद्धार र राहतको कार्यलाई प्रभावकारीरूपमा तत्काल सञ्चालन गर्न तथा पीडितका परिवारलाई तत्काल अति आवश्यक सामग्री खाद्यान्न, लत्ता कपडा, भाडाकुडा, औषधि र अस्थायी बसोबासको यथाशीघ्र उचित प्रबन्धका लागि सरकारसँग नेपाली कांग्रेस आग्रह गर्दछ' -बैठकको निर्णयमा भनिएको छ।

साथै कांग्रेस कार्यसम्पादन समितिको बैठकले प्राकृतिक विपद्को यस समयमा उद्धार र राहत कार्यमा जुट्न सबै राजनीतिक दल, सुरक्षा निकाय, विभिन्न सामाजिक संघ-संस्था, नागरिक समाज, पत्रकार, बुद्धिजीवी, उद्योगपतिलगायत सबैलाई आग्रह गरेको छ।

बैठकले बाढीपीडितको राहत र उद्धारका लागि पार्टीका सम्पूर्ण पार्टी संरचना परिचालन हुन निर्देशन पनि दिएको छ। नेता बडुकाअनुसार राहत तथा उद्धार कार्यमा तत्काल संलग्न हुन पार्टीका सबै भातृ तथा शुभेच्छुक संघ-संस्थालाई निर्देशन दिइएको छ। बैठकले कांग्रेसका सबै निकायहरुलाई प्रभावित जिल्लामा पुगी एकीकृतरूपमा उद्धार, राहत र उचित बसोबासको व्यवस्था मिलाउन सहयोग पऱ्याउँदै थप डुबानमा पर्न सक्ने क्षेत्रको पहिचान गरी उक्त क्षेत्रमा उच्च सर्तकता अपनाउनेलगायतका कार्यमा जुट्न निर्देशन दिएको हो।



# अर्थ

आर्थिक वर्ष २०७४/७५ भित्र एक करोड जीएसएम प्रोजेक्टअन्तर्गतका कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको र ग्राहकहरूलाई रुची र आवश्यकता अनुसारका सेवाहरू छनोट गर्ने अवसर प्रदान गर्नका लागि फोरजी एलटीईको बोलपत्र आह्वान गर्ने कार्य अन्तिम चरणमा पुगेको

2017, AUG
Monday
14


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

### बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS:1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)




## संस्थापक शेयर बिक्री गर्ने सम्बन्धी सूचना

यस वित्तीय संस्थाका केहि संस्थापक शेयरधनीहरूले आ-आफ्नो नाममा कायम रहेको संस्थापक शेयर कित्ता थान ३,८१,०९८ बिक्री गर्ने सहमतिका लागि संचालक समिति समक्ष निवेदन गरेकाले उक्त संस्थापक शेयर खरिद गर्न पहिलो प्राथमिकता यस संस्थामा कायम रहेका शेयरधनीले पाउने हुँदा यो सूचना प्रकाशित गरेको मितिले ३५ दिन भित्र शेयर खरिद गर्न इच्छुक शेयरधनी महानुभावहरूले संचालक समिति समक्ष आवेदन गर्न हुन अनुरोध छ । ३५ दिन भित्र शेयर खरिद सम्बन्धी कुनै आवेदन नपरेमा संस्थापक शेयरधनी भन्दा बाहेकका व्यक्ति वा कम्पनीलाई नेपाल राष्ट्र बैंकको जारी निर्देशन तथा मापदण्ड बमोजिम शेयर बिक्री भइ जाने व्यहोरा अनुरोध छ।

Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
Pako Newroad, GPO Box No., 10390, Kathmandu
Tel : 4246402, 4241244, 4254929
Fax : 977-1-4246403, Email: info@pfltd.com.np

## साधारण शेयरमा हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

मोतीलाल श्रेष्ठको नाति, हिरालाल श्रेष्ठको छोरा, घर नं. २२५, चागल मार्ग-१५, काठमाडौं बस्ने यस संस्थाका शेयरधनी **श्री केशवलाल श्रेष्ठ** (परिचय नं. ११३३१) को मिति २०७०/०९/२४ गते मृत्यु भइसकेकोले निज मृतक शेयरधनीको नाममा रहेको ४९ कित्ता साधारण शेयरहरु निवेदक **श्रीमती भवानी श्रेष्ठ** (मृतकको पत्नी) ले आफ्नो नाममा नामसारी गरी पाउँ भनी आवश्यक सम्पूर्ण कानूनी कागजातहरु संलग्न गरी नेपाल स्टक एक्सचेन्ज मार्फत निवेदन दिएको हुँदा उक्त शेयरहरु उपर श्रीमती भवानी श्रेष्ठ बाहेक अन्य कसैको हकदावी भए सो को सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस कम्पनीको केन्द्रीय कार्यालय नक्साल काठमाडौंमा हकदावी गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा उक्त शेयरहरु श्रीमती भवानी श्रेष्ठको माग दावी बमोजिम नामसारी तथा हक हस्तान्तरण भई जानेछ। म्याद भित्र तथा रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुनेछैन।

युनियन फाइनान्स लिमिटेड
UNION FINANCE LIMITED
"सि" एण्ड "डी" ब्लक, पहिलो तल्ला फोर स्क्वायर कम्प्लेक्स, नारायणचौर, नक्साल काठमाडौं
फोन:४४२७०९१,४४२९३३७,४४२४६५४,४४३५१३३ फयाक्स : ४४४५४४२


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ असार ३० अगस्ट १४ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।३२ | १०२।९२ |
| युरो १ का रु. | १२०।९३ | १२१।६४ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३३।१७ | १३३।९६ |
| स्विस फ्रन्क १ का रु. | १०६।३७ | १०६।९९ |
| अस्ट्रेलियन डलर १ का रु. | ८०।७७ | ८१।२५ |
| क्यानाडियन डलर १ का रु. | ८०।७३ | ८१।२० |
| सिङ्गापुर डलर १ का रु. | ७५।२० | ७५।६४ |
| जापानी यन १० का रु. | ९।३७ | ९।४३ |
| चिनियाँ युआन १ का रु. | १५।३५ | १५।४४ |
| साउदी अरब रियाल १ का रु. | २७।२८ | २७।४४ |
| कतारी रियाल १ का रु. | २८।१० | २८।२७ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।०८ | ३।१० |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८६ | २८।०२ |
| मलसियन रिङ्गिट १ का रु. | २३।८२ | २३।९६ |
| दक्षिण कारियन वन १०० का रु. | ८।९५ | ९।०१ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।६० |
| डनिस क्रानर १ का रु. | १६।२६ |
| हङकङ डलर १ का रु. | १३।०८ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# सेवा विस्तारका लागि टेलिकमले २२ अर्ब लगानी गर्ने

## बाढीपीडितलाई तीन दिन निःशुल्क एसएमएस



नेपाल समाचारपत्र
काठमाडौं

नेपाल टेलिकमले देशका विभिन्न स्थानमा बाढी पहिरोबाट पीडित भएकाहरूको उद्दार तथा राहत कार्यमा आवश्यक सहयोग पुर्‍याउनका लागि साउन २९ गतेदेखि साउन ३१ गतेसम्म आफ्नो नेटवर्कभित्र निःशुल्क एसएमएस सेवा उपलब्ध गराउने भएको छ। सूचना तथा सञ्चारमन्त्री मोहन बहादुर बस्नेतले आइतबार आयोजित पत्रकार सम्मान कार्यक्रममा सो कुराको घोषणा गर्नुभएको हो।

सो अवसरमा मन्त्री बस्नेतले नेपाल टेलिकमले दुर्गम स्थानमा समेत सेवा उपलब्ध गराउनु पर्ने र प्रतिस्पर्धामा पनि उत्रनु पर्ने बाध्यता भएको बताउँदै छिटोछरितो रूपमा गुणस्तरीय सेवा उपलब्ध गराउन आग्रह गर्नुभयो। उहाँले कम्पनीले तय गरेका कार्यक्रमहरू प्रभावकारी रूपमा निश्चित समयभित्र कार्यान्वयन गर्न निर्देशन दिनुभयो।

सूचना तथा सञ्चार मन्त्रालयका सचिव एवम् नेपाल टेलिकम, सञ्चालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङले प्रत्येक विपद्को समयमा नेपाल टेलिकमलाई सम्झिने नेपाली धेरै भएको स्मरण गर्दै मुलुकका सम्पूर्ण स्थानमा सेवा पुर्‍याएर पनि सधैं पहिलो नम्बरमा रहनुपर्ने कम्पनीको बाध्यता भएको बताउनुभयो। उहाँले नेपाल टेलिकम, सरकार र सञ्चारकर्मीबीचको सम्बन्धलाई अझै सुदृढ गर्नुपर्ने बताउनुभयो।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले प्रभावित क्षेत्रका बासिन्दाले प्राप्त गर्न सक्ने गरी समूहगत रूपमा बल्क एसएमएसमार्फत् निःशुल्क रूपमा आवश्यक जानकारी गराउने कार्य समेत निरन्तर चलिरहेको जानकारी दिँदै कम्पनीले गत आर्थिक वर्षमा प्राप्त गरेको उपलब्धिका बारेमा जानकारी गराउनुभयो। उहाँले कम्पनीले आव २०७४/७५ मा विभिन्न कार्यक्रममार्फत् १७ प्रतिशत ग्राहक थप्ने र सेवा विस्तार तथा गुणस्तर सुदृढीकरणका लागि करिब २२ अर्ब पुँजीगत लगानी गर्ने योजना तय गरेको जानकारी दिनुभयो।

उहाँले चालू आर्थिक वर्ष २०७४/७५ भित्र एक करोड जीएसएम प्रोजेक्टअन्तर्गतका कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको र ग्राहकहरूलाई रुची र आवश्यकता अनुसारका सेवाहरू छनोट गर्ने अवसर प्रदान गर्नका लागि फोरजी एलटीईको बोलपत्र आह्वान गर्ने कार्य अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। नेपाल पत्रकार महासंघका सभापति डा. महेन्द्र विष्टले नकारात्मकभन्दा पनि स्वच्छ आलोचनाका समाचार लेखियोस् भन्ने महासंघको चाहना रहेको बताउँदै सम्मानले सञ्चारकर्मी र टेलिकमबीच सहकार्यका लागि बाटो फराकिलो बनाउने विचार व्यक्त गर्नुभयो।

सो अवसरमा कम्पनीका प्रमुख प्राविधिक अधिकृत लोचनलाल अमात्यले नेपालमा दूरसञ्चार सेवाको सय वर्षे यात्राका केही झलकहरूको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो। कम्पनीका प्रबन्धक तथा सम्मान छनोट समितिका संयोजक प्रतिभा बैद्यले सम्मानका लागि अपनाइएको छनोट प्रक्रियाबारे जानकारी दिँदै प्राप्त समाचार सामग्रीहरूको तथ्यपरकता, सन्तुलन, विश्वसनीयता, विषयवस्तुको सान्दर्भिकता, भाषा आदिको आधारमा मूल्यांकन गरी उत्कृष्ट समाचार सामग्री छनोट गरिएको जानकारी दिनु भएको थियो। सो अवसरमा मन्त्री बस्नेतले नागरिक दैनिकका सञ्चारकर्मी द्वय सन्तोष न्यौपाने (काठमाडौं) र सन्तोष पोखरेल (पोखरा) लाई संयुक्त रूपमा र गोरखापत्र दैनिकका सञ्चारकर्मी विश्वास रेग्मीलाई सम्मान गर्नुभएको थियो। कम्पनीले नेपालका आमसञ्चार माध्यममा नेपाल टेलिकमको सेवा, सुविधा सम्बन्धमा उत्कृष्ट सामग्री प्रकाशन र प्रसारण गर्ने दुई जनासञ्चारकर्मीलाई छनोट गरी सम्मान गरेको हो।

सर्वसाधारण नेपालीलाई टेलिफोन सेवा उपलब्ध गराइएको एक सय वर्ष पूरा (२०७४ जेठ १ गते) भएको उपलक्ष्यमा नेपाल टेलिकमले कम्पनीको सेवा, सुविधा सम्बन्धमा आमसञ्चार माध्यममा २०७३ सालमा प्रकाशितरप्रसारित समाचार सामग्रीमध्ये उत्कृष्ट सामग्री छनोट गरी सञ्चारकर्मीलाई सम्मान गरेको हो।

## विराटनगर विमानस्थल चाँडो सञ्चालन गर्न निर्देशन

काठमाडौं, (नेस)

बाढीका कारण अवरुद्ध रहेको विराटनगर विमानस्थल चाँडो सञ्चालनमा ल्याउन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीतेन्द्रनारायण देवले निर्देशन दिनुभएको हो । निरन्तर वर्षाका कारण विराटनगर विमानस्थल शनिबारदेखि बन्द भएपछि मन्त्री देवले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल व्यवस्थापन सहितका सम्बद्ध निकायलाई तत्काल विमानस्थलको अवरोध हटाउन र सेवा सञ्चालनमा ल्याउन यस्तो निर्देशन दिनु भएको हो।

'हामी पानी कम हुने बितिकै उपकरणको चेकजाँच गरेर सेवा सञ्चालनमा ल्याउने तयारीमा छौं।' त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख देवानन्द उपाध्ययले बताउनुभयो। उहाँले भन्नुभयो-'वर्षा लगातार हुँदा उपकरण झन् बिग्रिँदै जाने र यसले गर्दा सेवा सञ्चालनमा झन् ढिलाइ हुन्छ।'

मन्त्री देवले विमानस्थलमा रहेको पानीको सतह घट्ने बित्तिकै रन वे, ट्याक्सी वे, एप्रोन सफा गर्न जिम्मेवार निकायलाई निर्देशन दिनुभयो। विराटनगर विमानस्थलको इन्धन ट्यांकीमा पानी पसेकाले विमानका लागि आवश्यक फ्युल आयल निगमले चन्द्रगढी वा नजिक पर्ने स्थानबाट ल्याउन मन्त्रीले देवले निर्देशन दिनु भएको छ।

## टेलिफोन सेवा प्रभावित

काठमाडौं, (नेस)

भीषण वर्षाका कारण पूर्वाञ्चल र मध्यमाञ्चलका केही जिल्लामा टेलिफोन सेवा प्रभावित भएको छ। बाढी र वर्षाका कारण सरकारी र निजी सेवा प्रदायक कम्पनीको सेवा पूर्णरूपमा अवरोध भएको छ।

इटहरीमा रहेको नेपाल टेलिकमको उपकरण पूर्णरूपमा डुबानमा परेपछि पूर्वाञ्चलका जिल्लामा टेलिफोन सेवा अवरुद्ध भएको छ। टेलिकमले सोलार, जेनेरेटरलगायत विद्युत्का वैकल्पिक स्रोतहरूको व्यवस्था गर्न नसक्दा सेवा अवरुद्ध भएको जनाएको छ। टेलिकमका धरान, विराटनगर, बिर्तामोडमा राखिएका स्टेसनहरूले प्रभावकारी रूपमा काम गरिरहेका छैनन। विद्युत् आपूर्ति हुन नसक्दा नेटवर्क स्टेसनहरू प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन्। रौतहट, गौर, इटहरी, गरुडा, धरान, विराटनगर, बिर्तामोडलगायतका स्टेशनहरूमा पनि बाढीले प्रभाव पारेको छ। विद्युत् आपूर्ति हुन नसक्दा चल्न नसकेका स्टेशनहरूमा मोबाइल जेनेरेटरमार्फत् तत्काल विद्युत् उपलब्ध गराइने नेपाल टेलिकमले जनाएको छ।

त्यसका साथै पूर्वाञ्चलमा भएको टेलिफोन अवरोध तत्काल हटाउन आइतबार नै काठमाडौंबाट टोली पठाएको छ। तत्काल सेवा सुचारु गर्न प्राविधिक सहितको टोली पूर्वाञ्चलका जिल्लामा पठाइएको टेलिकमले जनाएको छ।

## कृषि उपजको क्षति अध्ययन गर्न टोली परिचालित

काठमाडौं, (नेस)

कृषि विकासमन्त्री रामकृष्ण यादवले अविरल वर्षा र बाढी पहिरोबाट देशका विभिन्न ठाउँमा भएको क्षतिको अध्ययन गरी कृषि विकास मन्त्रालयबाट तत्कालै गर्न सकिने राहतका कार्यक्रमहरू सञ्चालन गर्न समिति गठन गर्नुभएको छ।

आइतबार मन्त्री यादवको अध्यक्षतामा बसेको बैठकले प्रत्येक क्षेत्रका क्षेत्रीय कृषि निर्देशकहरूको नेतृत्वमा अध्ययन टोली गठन गर्ने निर्णय गरेको हो। सो टोलीले तीन दिनभित्र कृषि विकास मन्त्रालयसँग सम्बन्धित खाद्यान्न, माछा, तरकारी, फलफूललगायत भौतिक पूर्वाधारमा भएको क्षतिको यकीन विवरण पेस गर्नेछ। त्यस्तै कृषि विकासमन्त्रीको प्रत्यक्ष निर्देशन र निगरानीमा रहने गरी कृषि विकास मन्त्रालयका सचिव डा. सुरोज पोखरेलको नेतृत्वमा ९ जनाको कार्यसमिति गठन गर्ने निर्णय गरेको छ। उक्त कार्यसमितिले कृषि विभागले के कसरी कस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ सो सम्बन्धमा प्रतिवेदन तयार गरी कृषि विकास मन्त्रालयमा पेस गर्नेछ।

बैठकले मन्त्रालय मातहतका निकाय, बोर्ड, संस्थान, समिति, परियोजना सबैले आ-आफ्नो तर्फबाट के गर्न सकिन्छ आ- आफ्नो क्षेत्रमा आइतबारै परिचालन गर्ने र सोको विवरण मन्त्रालयस्तरीय समितिमा पेस गर्ने निर्णयसमेत गरेको छ।

# SHARE MARKET

### 13 AUGUST SUNDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 14415.00 | 449.00 | 440.00 | 445.00 | -5.00 |
| 2 | Api Power Company Ltd. | 9311.00 | 653.00 | 638.00 | 648.00 | 4.00 |
| 3 | Arun Finance Limited | 470.00 | 195.00 | 180.00 | 195.00 | 11.00 |
| 4 | Arun Kabeli Power Ltd. | 5335.00 | 400.00 | 376.00 | 381.00 | -12.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 6478.00 | 270.00 | 262.00 | 262.00 | -5.00 |
| 6 | Asian Life Insurance Co. Limited | 5097.00 | 1615.00 | 1599.00 | 1601.00 | -23.00 |
| 7 | Bank of Kathmandu Ltd. | 34530.00 | 500.00 | 479.00 | 481.00 | 5.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 521.00 | 243.00 | 239.00 | 243.00 | -4.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 948.00 | 281.00 | 278.00 | 281.00 | -5.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 70.00 | 7150.00 | 7007.00 | 7150.00 | 0.00 |
| 11 | Butwal Power Company Limited | 849.00 | 660.00 | 645.00 | 645.00 | -8.00 |
| 12 | Central Finance Co. Ltd. | 166.00 | 200.00 | 200.00 | 200.00 | -3.00 |
| 13 | Century Commercial Bank Ltd. | 10887.00 | 263.00 | 255.00 | 258.00 | -4.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 3527.00 | 1660.00 | 1636.00 | 1645.00 | -21.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 379.00 | 257.00 | 239.00 | 243.00 | -17.00 |
| 16 | Chilime Hydropower Company Limited | 6837.00 | 810.00 | 790.00 | 790.00 | -10.00 |
| 17 | Citizen Bank International Limited | 16613.00 | 388.00 | 375.00 | 377.00 | -4.00 |
| 18 | Citizen Investment Trust | 4331.00 | 4100.00 | 3920.00 | 3978.00 | 96.00 |
| 19 | Civil Bank Ltd | 11322.00 | 253.00 | 246.00 | 248.00 | -1.00 |
| 20 | Civil Bank Ltd Promoter Share | 105608.00 | 133.00 | 133.00 | 133.00 | -2.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 1442.00 | 1400.00 | 1320.00 | 1344.00 | -40.00 |
| 22 | Deprosc Development Bank Limited | 4324.00 | 1440.00 | 1400.00 | 1406.00 | -34.00 |
| 23 | Deva Bikas Bank Limited | 16354.00 | 270.00 | 264.00 | 267.00 | 2.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 125.00 | 197.00 | 191.00 | 191.00 | -3.00 |
| 25 | Everest Bank Limited | 9548.00 | 1410.00 | 1398.00 | 1398.00 | -3.00 |
| 26 | Everest Insurance Co. Ltd. | 1130.00 | 2630.00 | 2606.00 | 2610.00 | -45.00 |
| 27 | Excel Development Bank Ltd. | 980.00 | 719.00 | 710.00 | 714.00 | 9.00 |
| 28 | First Micro Finance Development Bank Ltd. | 2909.00 | 1152.00 | 1110.00 | 1110.00 | -20.00 |
| 29 | Forward Community Microfinance Bittiya Sanstha Ltd. | 5257.00 | 3850.00 | 3760.00 | 3780.00 | [illegible] |
| 30 | Gandaki Bikas Bank Limited | 22583.00 | 415.00 | 401.00 | 406.00 | -9.00 |
| 31 | Garima Bikas Bank Limited | 9987.00 | 285.00 | 277.00 | 279.00 | -1.00 |
| 32 | General Finance Ltd. | 50.00 | 189.00 | 189.00 | 189.00 | -1.00 |
| 33 | Global IME Bank Limited | 29444.00 | 400.00 | 390.00 | 393.00 | -5.00 |
| 34 | Global IME Samunnat Scheme-1 | 14848.00 | 9.94 | 9.60 | 9.79 | 0.04 |
| 35 | Goodwill Finance Co. Ltd. | 1200.00 | 203.00 | 193.00 | 193.00 | -8.00 |
| 36 | Green Development Bank Ltd. | 1754.00 | 655.00 | 601.00 | 601.00 | -66.00 |
| 37 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 2695.00 | 270.00 | 265.00 | 270.00 | 0.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 6372.00 | 1210.00 | 1180.00 | 1190.00 | 0.00 |
| 39 | Gurkhas Finance Ltd. | 16213.00 | 213.00 | 195.00 | 205.00 | 8.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 3800.00 | 255.00 | 232.00 | 232.00 | -25.00 |
| 41 | Himalayan Bank Limited | 6336.00 | 932.00 | 906.00 | 906.00 | -9.00 |
| 42 | Himalayan Distillery Limited | 435.00 | 2050.00 | 1951.00 | 2050.00 | 70.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 2572.00 | 830.00 | 820.00 | 822.00 | -8.00 |
| 44 | ICFC Finance Limited | 2908.00 | 286.00 | 281.00 | 281.00 | 0.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 13061.00 | 193.00 | 187.00 | 193.00 | 3.00 |
| 46 | Janaki Finance Ltd. | 426.00 | 285.00 | 282.00 | 282.00 | -8.00 |
| 47 | Janata Bank Nepal Ltd. | 25114.00 | 280.00 | 270.00 | 275.00 | -2.00 |
| 48 | Janautthan Samudayic Laghubitta Bikas Bank Ltd. | 476.00 | 3734.00 | 3556.00 | 3575.00 | -86.00 |
| 49 | Jebils Finance Ltd. | 925.00 | 248.00 | 243.00 | 243.00 | -8.00 |
| 50 | Jyoti Bikas Bank Limited | 8105.00 | 206.00 | 199.00 | 201.00 | -1.00 |
| 51 | Kabeli Bikas Bank Limited | 150.00 | 445.00 | 445.00 | 445.00 | 0.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 1316.00 | 327.00 | 323.00 | 323.00 | -5.00 |
| 53 | Kalika Microcredit Dev. Bank Ltd. | 662.00 | 2240.00 | 2225.00 | 2240.00 | -40.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 249.00 | 221.00 | 217.00 | 217.00 | -8.00 |
| 55 | Karnali Development Bank Limited | 1577.00 | 305.00 | 300.00 | 305.00 | -4.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 880.00 | 195.00 | 186.00 | 195.00 | -2.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 526.00 | 3250.00 | 3150.00 | 3150.00 | -131.00 |
| 58 | Kuber Merchant Finance Limited | 2290.00 | 232.00 | 216.00 | 217.00 | 5.00 |
| 59 | Kumari Bank Limited | 26505.00 | 320.00 | 313.00 | 315.00 | -3.00 |
| 60 | Lalitpur Finance Ltd. | 6023.00 | 196.00 | 180.00 | 180.00 | -20.00 |
| 61 | Laxmi Bank Limited | 14947.00 | 348.00 | 335.00 | 336.00 | -9.00 |
| 62 | Laxmi Equity Fund | 20500.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 63 | Laxmi Lag. Bittiya Sanstha Ltd. | 2009.00 | 2071.00 | 2010.00 | 2040.00 | -58.00 |
| 64 | Life Insurance Co. Nepal | 1281.00 | 2400.00 | 2372.00 | 2380.00 | -20.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 19656.00 | 225.00 | 217.00 | 222.00 | -4.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 7990.00 | 1015.00 | 1006.00 | 1015.00 | -3.00 |
| 67 | Machhapuchhre Bank Limited | 19708.00 | 350.00 | 339.00 | 342.00 | -4.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 192.00 | 240.00 | 223.00 | 240.00 | 21.00 |
| 69 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 628.00 | 1230.00 | 1186.00 | 1200.00 | -54.00 |
| 70 | Manjushree Finance Ltd. | 5491.00 | 157.00 | 155.00 | 157.00 | 0.00 |
| 71 | Mero Microfinance Bittiya Sanstha Ltd. | 2800.00 | 2460.00 | 2368.00 | 2382.00 | -94.00 |
| 72 | Mirmire Microfinance Dev. Bank Ltd. | 552.00 | 3060.00 | 2940.00 | 2997.00 | -63.00 |
| 73 | Mission Development Bank Ltd. | 50.00 | 298.00 | 298.00 | 298.00 | -6.00 |
| 74 | Miteri Development Bank Limited | 5732.00 | 576.00 | 544.00 | 564.00 | -1.00 |
| 75 | Mithila LaghuBitta Bikas Bank Ltd. | 206.00 | 1400.00 | 1353.00 | 1380.00 | -7.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 14228.00 | 672.00 | 650.00 | 664.00 | -6.00 |
| 77 | Multipurpose Finance Company Limited | 3.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 78 | Nabil Balance Fund 1 | 8170.00 | 22.65 | 22.35 | 22.65 | 0.45 |
| 79 | Nabil Bank Limited | 9970.00 | 1769.00 | 1745.00 | 1750.00 | -8.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 16382.00 | 1280.00 | 1260.00 | 1270.00 | 1.00 |
| 81 | Nabil Equity Fund | 27603.00 | 10.04 | 9.81 | 10.00 | 0.00 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 146.00 | 3500.00 | 3450.00 | 3460.00 | -39.00 |
| 83 | National Hydro Power Co. Limited | 398970.00 | 165.00 | 155.00 | 163.00 | 9.00 |
| 84 | National Life Insurance Co. Ltd. | 4252.00 | 2091.00 | 2003.00 | 2007.00 | -18.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 1769.00 | 3798.00 | 3561.00 | 3580.00 | -145.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 1142.00 | 2797.00 | 2715.00 | 2722.00 | -21.00 |
| 87 | NB Insurance Co. Ltd. | 800.00 | 1271.00 | 1270.00 | 1270.00 | -21.00 |
| 88 | Neco Insurance Co. Ltd. | 6967.00 | 1155.00 | 1133.00 | 1142.00 | -8.00 |
| 89 | Nepal Bangladesh Bank Limited | 42755.00 | 372.00 | 364.00 | 366.00 | -12.00 |
| 90 | Nepal Bank Limited | 19146.00 | 363.00 | 348.00 | 354.00 | -3.00 |
| 91 | Nepal Community Dev. Bank Ltd. | 2644.00 | 325.00 | 315.00 | 315.00 | -15.00 |
| 92 | Nepal Credit & Co. Bank Ltd. Pro. Share | 14876.00 | 202.00 | 202.00 | 202.00 | 0.00 |
| 93 | Nepal Credit And Com. Bank Limited | 29899.00 | 375.00 | 366.00 | 370.00 | 0.00 |
| 94 | Nepal Doorsanchar Comapany Limited | 6165.00 | 712.00 | 700.00 | 703.00 | -3.00 |
| 95 | Nepal Grameen Bikas Bank Ltd. | 3860.00 | 888.00 | 856.00 | 856.00 | -15.00 |
| 96 | Nepal Insurance Co. Ltd. | 5991.00 | 1599.00 | 1570.00 | 1570.00 | -26.00 |
| 97 | Nepal Investment Bank Limited | 16775.00 | 780.00 | 764.00 | 769.00 | -1.00 |
| 98 | Nepal Investment Bank Ltd. Pro. Share | 1717.00 | 680.00 | 663.00 | 670.00 | -6.00 |
| 99 | Nepal Life Insurance Co. Ltd. | 18817.00 | 2227.00 | 2175.00 | 2179.00 | -36.00 |
| 100 | Nepal SBI Bank Limited | 2422.00 | 925.00 | 919.00 | 920.00 | -8.00 |
| 101 | Nerude Laghubita Bikas Bank Limited | 1724.00 | 1470.00 | 1445.00 | 1451.00 | -21.00 |
| 102 | Ngadi Group Power Ltd. | 673.00 | 278.00 | 272.00 | 273.00 | -9.00 |
| 103 | NIBL Pragati Fund | 6315.00 | 10.00 | 9.80 | 10.00 | 0.00 |
| 104 | NIC Asia Bank Ltd. | 54872.00 | 473.00 | 465.00 | 467.00 | 5.00 |
| 105 | Nirdhan Utthan Bank Limited | 5359.00 | 2215.00 | 2130.00 | 2135.00 | 5.00 |
| 106 | NLG Insurance Company Ltd. | 2609.00 | 1615.00 | 1595.00 | 1600.00 | -10.00 |
| 107 | NMB Microfinance Bittiya Sanstha Ltd. | 575.00 | 3031.00 | 2940.00 | 2960.00 | -12.00 |
| 108 | NMB Bank Limited | 14171.00 | 542.00 | 534.00 | 538.00 | -6.00 |
| 109 | NMB Hybrid Fund L-1 | 32871.00 | 10.05 | 9.85 | 10.00 | 0.00 |
| 110 | NMB Sulav Investment Fund-1 | 172110.00 | 14.50 | 14.33 | 14.33 | 0.01 |
| 111 | Om Development Bank Ltd. | 4379.00 | 428.00 | 425.00 | 425.00 | -3.00 |
| 112 | Oriental Hotels Limited | 9040.00 | 959.00 | 907.00 | 907.00 | -17.00 |
| 113 | Pokhara Finance Ltd. | 4690.00 | 256.00 | 248.00 | 248.00 | -4.00 |
| 114 | Prabhu Bank Limited | 29321.00 | 402.00 | 395.00 | 397.00 | 0.00 |
| 115 | Prabhu Insurance Ltd. | 12149.00 | 1217.00 | 1200.00 | 1204.00 | -7.00 |
| 116 | Premier Insurance Co. Ltd. | 1203.00 | 1799.00 | 1788.00 | 1789.00 | -31.00 |
| 117 | Prime Commercial Bank Ltd. | 40317.00 | 460.00 | 450.00 | 451.00 | 3.00 |
| 118 | Prime Life Insurance Company Limited | 6354.00 | 2720.00 | 2676.00 | 2685.00 | -19.00 |
| 119 | ProgressiveFinance Limited | 4874.00 | 265.00 | 246.00 | 246.00 | -13.00 |
| 120 | Prudential Insurance Co. Ltd. | 4246.00 | 1573.00 | 1550.00 | 1560.00 | -15.00 |
| 121 | Purnima Bikas Bank Ltd. | 5048.00 | 315.00 | 308.00 | 308.00 | -2.00 |
| 122 | Rastriya Beema Company Limited | 60.00 | 17900.00 | 17500.00 | 17500.00 | -300.00 |
| 123 | Rastriya Beema Co. Limited Pro. Share | 811.00 | 15499.00 | 15111.00 | 15351.00 | -325.00 |
| 124 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 161.00 | 2166.00 | 2130.00 | 2136.00 | -74.00 |
| 125 | Reliance Finance Ltd. | 2216.00 | 224.00 | 215.00 | 222.00 | 3.00 |
| 126 | Ridi Hydropower Dev. Company Ltd. | 4897.00 | 191.00 | 188.00 | 188.00 | -6.00 |
| 127 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1314.00 | 3151.00 | 3090.00 | 3100.00 | -51.00 |
| 128 | Rural Microfinance Dev. Centre Ltd. | 2597.00 | 843.00 | 835.00 | 839.00 | -8.00 |
| 129 | Sagarmatha Insurance Co. Ltd. | 1930.00 | 1760.00 | 1750.00 | 1760.00 | -11.00 |
| 130 | Sana Kisan Bikas Bank Ltd | 4174.00 | 1711.00 | 1631.00 | 1640.00 | -39.00 |
| 131 | Sanima Bank Limited | 40356.00 | 426.00 | 417.00 | 418.00 | -3.00 |
| 132 | Sanima Mai Hydropower Ltd. | 3764.00 | 586.00 | 578.00 | 578.00 | -5.00 |
| 133 | Saptakoshi Development Bank Ltd. | 217.00 | 194.00 | 191.00 | 191.00 | -3.00 |
| 134 | Shangrila Development Bank Ltd. | 5720.00 | 418.00 | 407.00 | 407.00 | -3.00 |
| 135 | Shikhar Insurance Co. Ltd. | 5942.00 | 2195.00 | 2122.00 | 2122.00 | -10.00 |
| 136 | Shine Resunga Development Bank Ltd. | 362.00 | 440.00 | 428.00 | 428.00 | -9.00 |
| 137 | Shree Investment Finance Co. Ltd. | 1500.00 | 482.00 | 480.00 | 480.00 | 4.00 |
| 138 | Siddhartha Bank Limited | 16580.00 | 460.00 | 445.00 | 448.00 | -8.00 |
| 139 | Siddhartha Equity Orineted Scheme | 103000.00 | 13.47 | 13.21 | 13.21 | -0.05 |
| 140 | Siddhartha Insurance Ltd. | 1754.00 | 1641.00 | 1620.00 | 1625.00 | -10.00 |
| 141 | Siddhartha Inv. Growth Scheme-1 | 44000.00 | 27.02 | 26.50 | 26.60 | 0.11 |
| 142 | Soaltee Hotel Limited | 10450.00 | 380.00 | 375.00 | 375.00 | -10.00 |

Total Amount Rs. 801,832,016 Total Quantity 1,960,611 Total No of Transactions 7,581




> प्रसारणलाइनमा कुन ठाउँमा कस्तो समस्या देखिएको हो भन्ने पहिचान पनि हुनसकेको छैन। 'सुर्खेतदेखि कोहलपुरसम्मको ५४ किलोमिटर सडकमा विभिन्न ठाउँहरूमा पहिरो गएका कारण सुर्खेत र कोहलपुर दुवै ठाउँबाट टोली परिचालन गरेको छ।

# पूर्वी जिल्लामा विद्युत् अवरुद्ध

## २ सय ५० मेगावाट विद्युत् राष्ट्रिय प्रसारणबाट विच्छेद

हेमन्त जोशी, काठमाडौं

अविरल वर्षाका कारण पूर्वाञ्चल र मध्यमाञ्चलका तराईका जिल्लामा विद्युत् सम्पर्क विच्छेद भएको छ। नेपाल विद्युत प्राधिकरणको प्रसारणलाइन, सबस्टेशन तथा वितरण प्रणालीमा क्षति भएकाले विराटनगरलगायत पूर्वाञ्चलका सम्पूर्ण जिल्लामा विद्युत् आपूर्ति हुन नसकेको र मध्यमाञ्चलका पनि अधिकांश जिल्लामा विद्युत् अवरुद्ध रहेको प्राधिकरणले जनाएको छ।

विभिन्न सबस्टेसन र प्रसारणलाइनमा क्षति पुगेपछि २ सय ५० मेगावाटभन्दा बढी विद्युत् राष्ट्रिय प्रसारणलाइनबाट विच्छेद भएको नेपाल विद्युत प्राधिकरणका जनसम्पर्क शाखा प्रमुख भेषराज थापाले बताउनुभयो। बाढी प्रभावित कोशी पारीका जिल्लामा टेलिफोन सेवा पनि अवरुद्ध हुँदा आधिकारिक रूपमा कहाँ कति क्षति भएको छ भन्ने जानकारी पाउन कठिन भएको थापाले बताउनुभयो। 'कोशी पारीका तराईका जिल्लामा पूर्णरूपमा विद्युत् अवरुद्ध भएको छ। पानीको मात्रा बढ्दा सबस्टेसन सञ्चालन गर्न समस्या देखिएको छ भने विभिन्न ठाउँमा विद्युत् पोल ढलेका छन्'- उहाँले भन्नुभयो।

दमक-गोदक १३२ केभी प्रसारणलाइनअन्तर्गत चुलाचुलीमा रहेको १७ नम्बर टावर बाढीका कारण ढलेको प्राधिकरणले जनाएको छ। हेटौडा सबस्टेशनअन्तर्गतको हेटौडा सिमेन्टनजिकै ३६ केभी टावर पल्टिन लागेकाले त्य क्षेत्रको औद्योगिक फिडर सर्किट पनि बन्द गरिएको छ।

त्यसैगरी १ सय ३२ केभी प्रसारणलाइनसहितको दुवही सबस्टेशन सञ्चालन गर्न सकिएको छैन। दुवही सबस्टेशनको नियन्त्रण कक्ष (कन्ट्रोल रुम) नै डुवानमा परेपछि कोशी पारीका जिल्लामा पूर्णरूपमा विद्युत अवरुद्ध भएको हो। १ सय ३२ केभीका पथलैया-चन्द्रनिगाहापुर र चन्द्रनिगाहपुर-ढल्केबर प्रसारणलाइनमा पनि समस्या देखिएका कारण विद्युत् आपूर्ति हुन सकेको छैन। १३२ केभी काबेली-दमक प्रसारणलाइनको टावर ढल्दा पाँचथर र इलाम जिल्लामा सञ्चालित जलविद्युत् केन्द्रको उत्पादन पनि बन्द भएको छ। १ सय ३२ केभी चपुर-पथलैया, ढल्केबर-चपुर र ६६ केभी बालाजु-त्रिशूली प्रसारणलाइनमा पनि क्षति पुगेको प्राधिकरणले जनाएको छ।

३३ केभी कोहलपुर प्रसारण लाइन र ११ केभी चौरजहारी प्रसारणलाइनमा पनि बाढीले क्षति पुऱ्याएको सुर्खेत केन्द्र प्रमुख दीपकजंग चौधरीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। चौधरीका अनुसार प्रसारणलाइनमा कुन ठाउँमा कस्तो समस्या देखिएको हो भन्ने पहिचान पनि हुनसकेको छैन। 'सुर्खेतदेखि कोहलपुरसम्मको ५४ किलोमिटर सडकमा विभिन्न ठाउँहरूमा पहिरो गएका कारण हामीले सुर्खेत र कोहलपुर दुवै ठाउँबाट टोली परिचालन गरेका छौं। बबई नदीमा पानीको सतह पुलभन्दा माथिसम्म आएकाले विद्युत् पोल बगाएको हुनसक्ने अनुमान हामीले गरेका छौं' -चौधरीले भन्नुभयो। सुर्खेत, दैलेख, जाजरकोट र रुकुमसम्म विद्युत् अवरोध भएको उहाँले बताउनुभयो। तुलसीपुर वितरण केन्द्र प्रमुख टंकराज गिरीले दाङको पश्चिमी क्षेत्रमा केही विद्युत् पोल ढलेर विद्युत् समस्या देखिएको बताउनुभयो। 'जिल्लाको पश्चिमी क्षेत्र हापुरीमा छ /सात वटा पुल ढलेका छन् तर राट्रिय प्रसारणलाइनमा भने कुनै समस्या छैन'-गिरीले भन्नुभयो।

वर्षा र बाढीले सबस्टेसन र प्रसारणलाइनमा क्षति पुगेपछि केही विद्युतगृहलाई पूर्ण रूपमा बन्द गरिएको प्राधिकरणले जनाएको छ। निजी क्षेत्रका जलविद्युत केन्द्रको उत्पादन पनि रोकिएको छ। विभिन्न निजी र सरकारी क्षेत्रका साना जलविद्युत् आयोजनाको उत्पादन बन्द गरिएको हो। २२ मेगावाटको सानिमा माई, १४ दशमलव ९ मेगावाटको हेवा खोला 'ए', १० मेगावाटको माथिल्लो माईलगायत विद्युत् उत्पादन केन्द्रहरू बन्द गरिएका छन्।

सडक सञ्जाल र टेलिफोन सेवामा पनि बाढीले असर गरेकाले क्षतिको पूर्ण विवरण पाउन नसेको र क्षतिग्रस्त प्रसारणलाइन तथा सबस्टेसन भएका क्षेत्रमा पानीको सहत नघटेकाले मर्मतमा समस्या भइरहेको प्राधिकरणले जनाएको छ। प्रसारणलाइन र सबस्टेशनहरूमा समस्या आए पनि विद्युत् प्रसारण भइरहेको क्षेत्रमा पनि विद्युत् लोड बढेका कारण समस्या देखिएको प्राधिकरणले जनाएको छ।

### क्षति मूल्यांकन गर्न अनुगमन टोली

काठमाडौं, (नेस)

बाढीका कारण तराईका जिल्लामा विद्युत् प्रसारणलाइन, पोल र सबस्टेशनहरूमा भएको क्षति मूल्यांकन गर्न सञ्चालक समितिका सदस्यको संयोजकत्वमा केन्द्रीय अनुगमन टोली गठन गरेको छ। विभिन्न जिल्लामा नेपाल विद्युत प्राधिकरणका संरचनाहरूमा पुगेको क्षति मूल्यांकन गर्न उच्चस्तरीय अनुगमन टोली गठन गरेको हो। ऊर्जा मन्त्रालयमा आइतबार बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले पूर्वाञ्चलमा चेतराज जोशी, मध्यमाञ्चलमा उमेश थानी, मध्यपश्चिमाञ्चलमा चन्द्र टण्डन, र सुदूरपश्चिमाञ्चलमा भक्तबहादर पुनको संयोजकत्वमा टोली खटाउने निर्णय गरेको हो। उक्त टोलीमा प्राधिकरणका उपकार्यकारी निर्देशक, स्थानीय एवम् क्षत्रीय प्रमुखहरू र इन्जिनियरहरू सदस्य रहेका छन्।

# बाढीका कारण भन्सार ठप्प

काठमाडौं, (नेस)

निरन्तर वर्षापछि पूर्वी र मध्यतराईका नाका र भन्सार कार्यालयका कामहरू पनि प्रभावित भएका छन्। विराटनगर भैरहवा, वीरगन्ज, जलेश्वर, जनकपुर, कृष्णनगर, मेची, नेपालगन्ज, सिराहा, सुनसरीलगायतका भन्सारका कार्यालयका काम काज पूर्णरूपमा प्रभावित भएको भन्सार विभागका सूचना अधिकारी कुलराज ज्ञवालीले जानकारी दिनुभयो।

भारी वर्षाका कारण शनिबारबाट विभिन्न सामान बोकेका कन्टेनर नाका वारी पारी जान सकेका छैनन्। विभिन्न ठाउँमा सडक अवरुद्ध भएका कारण र भन्सारमा लोड अनलोडको काम गर्न नसक्दा ती नाकाबाट द्विपक्षीय व्यापार हुन सकेको छैन।

शुक्रबारपछिको निरन्तर वर्षाका कारण कन्टेनर तथा कार्गो न्यून मात्रामा मात्र भन्सार परिसरमा छिरेको वीरगन्ज भन्सार प्रमुख सेवन्तक पोखरेलले बताउनुभयो। पोखरेलले नेपाल समाचारपत्रसँग कुरा गर्दै भन्नुभयो-'तीन चार फिट पानी जमेका कारण लोड अनलोड र कार्यालयका काम गर्न नसकिने अवस्था छ। यसले व्यापार तथा राजस्व दुवैमा असर गर्छ।'

मेची भन्सार कार्यालयका भन्सार अधिकृत दीपक अधिकारीले बाढीका कारणले इन्टरनेट सेवामा असर गरेका कारण कुनै पनि काम गर्न नसकिएको बताउनुभयो। 'बाढीका कारण सडक सामान्य रूपमा प्रभावित भएको छ। तर, सामान बोकेका कन्टेनरलगायत गाडी भन्सार परिसरमा आएर थन्किएका छन। शनिबारबाट इन्टरनेट सेवा पूर्ण रूपमा अवरुद्ध भएका कारण भन्सारका काम पूर्ण रूपमा प्रभावित भएका छन्।

# महासंघको अगुवाईमा एक करोड बराबरको सहयोग संकलन

नेपाल समाचारपत्र

काठमाडौं,

अविरलरूपमा परेको वर्षाका कारण मुलुकभर भएको जनधनको क्षतिप्रति नेपाल उद्योग वाणिज्य महासंघले दुःख व्यक्त गर्दै विपत्तिमा परेका जनताको तत्काल सहयोगार्थ महासंघले आफ्ना सदस्य एवम् अन्य संघ संस्थाहरूको समेत सहयोगमा नगद तथा जिन्सी गरी करिब एक करोड रुपियाँ बराबरको सहयोगको घोषणा गरेको छ।

उक्त सहयोगमा, महासंघको तर्फबाट नगद १० लाख, नेपाल औषधि उत्पादक संघको तर्फबाट ५० लाख रुपियाँ बराबरको औषधि, नेपाली युवा उद्यमी मञ्चबाट नगद तथा जिन्सी गरी १५ लाख, शंकर ग्रुपको तर्फबाट नगद तथा जिन्सी गरी ५ लाख, बागमती सफाई महाअभियानका तर्फबाट १० लाख नगद र अन्य संघसंस्थाबाट १० लाख गरी पहिलो चरणमा महासंघका तर्फबाट उक्त सहयोगको घोषणा गरिएको हो।

साथै यसका लागि कार्य गर्न महासंघको सामाजिक सेवा फोरमका सभापति जयप्रसाद शिवाकोटीको संयोजकत्वमा १७ सदस्यीय बाढीपहिरो व्यवस्थापन कार्यदल २०७४ समेत गठन गरिएको छ। बाढी प्रभावित जनताको सहयोगार्थ महासंघले बैंक अफ काठमाडौंमा एफएनसीसीआई रिलिफ खाता ए/सी ०१२५००००६३५ सञ्चालनमा ल्याएको छ।

उक्त खातामा आ-आफ्नो क्षेत्रबाट नगद सहयोग गर्न महासंघ आफ्ना सबै सदस्य उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरू, एसोसिएट सदस्यहरू, उद्यमी व्यवसायीहरू, गैरआवासीय नेपाली संघलगायत अन्य संघ संस्थासमेत महासंघले अपिल गरेको छ।

# एक सातालाई पुग्ने इन्धन मौज्दात

## चामल, नुन, तेल तयारी अवस्थामा राख्न निर्देशन

दीपेन्द्र थापा, काठमाडौं

नेपाल आयल निगमले बाग्मती अञ्चलको माग ७ दिनलाई धान्ने इन्धन मौज्दात रहेको जनाएको छ। आपूर्ति व्यवस्था ठप्पै हुँदा पनि हालको पट्रोलियम पदार्थको मौज्दातले ७ दिन धान्न सकिने निगमले भनाइ छ।

उपत्यका र आसपासका जिल्लामा इन्धन खपत सामान्य अवस्थामा दैनिक पेट्रोलमा ४ सय ५० देखि ५ सय किलोलिटर र डिजेल ८ सय किलोलिटर खपत हुँदै आएको छ। निगमको थानकोट डिपो प्रमुख नेत्रप्रसाद काप्लेका अनुसार पेट्रोल ३ हजार किलोलिटर र डिजेलमा ५५ सय किलोलिटर मौज्दात रहेको जानकारी दिनुभयो।

निगमले एलपी ग्यासको हकमा पनि आत्तिहाल्नुपर्ने अवस्था नरहेको जनाएको छ। निगमसँग ग्यासको मौज्दात नरहे पनि हाल निजी ग्यास कम्पनीहरूसँग पर्याप्त मौज्दात रहेको जिगमको दाबी छ। निजी कम्पनीको पर्याप्त मौज्दात रहेकालले हालको मागलाई धान्ने सक्ने नेपाल आयल निगमका प्रवक्ता वीरेन्द्र गोइतले बताउनुभयो।

राजमार्गमा पहिरोका कारण आपूर्ति व्यवस्थामा समस्या भएको छ जुन छोटो समयका लागि बाटोमा अवरोध भएकाले बाटो खुल्ना साथ आपूर्ति हुने काफ्लेले बताउनुभयो। उहाँले भन्नुभयो-'बाटोमा हाम्रो अहिले २ हजार किलोलिटर डिजेल र १२ सय किलोलिटर पेट्रोल आउँदै छ।'

यसैबीच आपूर्ति मन्त्रालयले मन्त्रालयले मन्त्रालय मातहतमा रहेका निकाय आपूर्ति व्यवस्था तथा उपभोग हित संरक्षण विभाग, नेपाल आयल निगम, नेपाल खाद्य संस्थान ,नेसनल ट्रेडिङ, साल्ट ट्रेडिङलाई आपूर्ति व्यवस्था प्रभावकारी बनाउन निर्देशन दिएको छ।

मन्त्रालयले नेपाल खाद्य संस्थानलाई ३० किलोको चामलको बोरा ५० हजार वटा बनाएर तयारी अवस्थामा राख्न निर्देशन दिएको छ। त्यस्तै कर्णालीबाट खरिद भई मौज्दात रहेको सिमिका दाल २ किलोको प्याकेटमा ५० हजार बनाएर तत्काल वितरण गर्न सक्ने अवस्थामा राख्न निर्देशन दिएको आपूर्ति मन्त्रायलका प्रवक्ता मुकुन्दप्रसाद पौडेलले जानकारी दिनुभयो। त्यस्तै साल्ट ट्रेडिङले नुन १ किलो र १ लिटरको खाने तेल ५० हजार प्याकेट केन्द्र र हेटौडामा रहेको कार्यालयमा तयार गरी राख्न निर्देशन दिएको प्रवक्ता पौडेल बताउनुभयो।

बाढी प्रभावित जिल्लाका राहत स्वरूप तत्काल वितरणका लागि आवश्यक खाद्य सामग्री आफूसँग मौज्दात खाद्य संस्थानले जनाएको छ। दाल, चामल, पिठोलगायत खाद्यान्न सामग्री साल्ट् ट्रेडिङसँग सहकार्य गरेर वितरण गरिने संस्थानका प्रवक्ता शंकर सापकोटाले बताउनुभयो।

नेपाल समाचारपत्रसँग कुरा गर्दै सापकोटाले भन्नुभयो-'अहिले बाढीपीडितलाई खाद्यान्न भन्दा पनि उद्दारको खाँचो छ र एक दुई दिनसम्म सर्वसाधारणको घरमा चुलो बल्ने वातावरण बनेपछि खाद्यान्न वितरणको काम गरिनेछ।' बाढी प्रभावित जिल्लामा वितरणका लागि आवश्यक खाद्यान्न उपलब्ध रहेको र नपुगेको खण्डमा तत्काल आन्तरिक ढुवानीमार्फत प्रभावित क्षेत्रमा खाद्यान्न पुऱ्याइने सापकोटाले जानकारी दिनुभयो।

# एनसेलद्वारा सापटी रकममा वृद्धि

काठमाडौं, (नेस)

एनसेल प्रालिले बाढी प्रभावित क्षेत्रमा ग्राहकलाई सम्पर्कमा रहन सहयोग पुऱ्याउने उद्देश्यले सापटी सेवाको रकममा वृद्धि गरेको छ। साथै ब्यालेन्स ट्रान्सफर सुविधा पनि निःशुल्क बनाएको छ।

कम्पनीले ग्राहकलाई आकस्मिक सूचना सम्बन्धित ठाउँमा पुऱ्याउन मद्दत गर्नका लागि निःशुल्क आपतकालीन सम्पर्क नम्बर ९००८ पनि सञ्चालनमा ल्याएको छ।

सापटी सेवाअन्तर्गत एनसेलका प्रिपेड ग्राहकले ४० रुपियाँ प्राप्त गर्दै आएकोमा मंगलबारसम्मका लागि ६० रुपियाँ प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। ग्राहकले

Ncell
an axiata company

विद्यमान सेवा शुल्क २ दशमलव ५१ रुपियाँमा नै थप सापटी रकमको सुविधा लिन सक्छन्। प्राप्त सापटी रकमबाट ग्राहकले कुनै पनि नेटवर्कमा कल गर्न, एसएमएस पठाउन, इन्टरनेट चलाउन तथा एनसेलको कुनै पनि सेवा प्रयोग गर्न सक्छन्।

यसका साथै एनसेलले अन्य बेलामा सेवा शुल्क १ दशमलव २५ रुपियाँ लाग्दै आएको ब्यालेन्स ट्रान्सफर सुविधालाई पनि निःशुल्क बनाएको छ। यो सुविधा पनि मंगलबारसम्म जारी रहने छ।

बाढी प्रभावित क्षेत्रका ग्राहकलाई आफ्ना प्रियजनसँग आकस्मिक सूचना आदान प्रदान गर्न सघाउने उद्देश्यले निःशुल्क आपतकालीन सम्पर्क नम्बर ९००८ सञ्चालनमा ल्याएको छ। यसअन्तर्गत प्रभावित क्षेत्रका एनसेल ग्राहकले ९००८ मा तथा अन्य नेटवर्कका ग्राहकहरूले ९८० ९००८००० मा डायल गरी कम्पनीको कल सेन्टरमा रहेका प्रतिनिधिमार्फत् सूचना प्रियजनमा पुऱ्याउन सक्छन्।

'बाढीपहिरोले देशका विभिन्न भागमा भएको धनजनको क्षतिप्रति हामी दुःखी छौं। यस विपतको समयमा संचालनमा ल्याईएका थप सापटी सुविधा, निःशुल्क ब्यालेन्स ट्रान्सफर सुविधा र आपतकालिन कल सेन्टर तथा निःशुल्क आपतकालीन सम्पर्क नम्बर ९००८ ले ग्राहकलाई सम्पर्कमा रहन सहज बनाउने तथा उद्दार र राहत कार्यमा योगदान पुऱ्याउने विश्वास छ,' एनसेलका कर्पोरेट सर्भिसेस् निर्देशक प्रणय आचार्यले भन्नुभयो।

'यस प्राकृतिक प्रकोपको समयमा पनि एनसेलको नेटवर्क निरन्तर सञ्चालनमा रहेको र ९० प्रतिशतभन्दा बढी बीटीएस टावरमार्फत् सेवा प्रदान गरिरहेका छौं। केही स्थानमा विद्युत् आपूर्ति नरहेको र डिजेल जेनेरेटर सञ्चालन गर्दा जोखिम हुने देखिएको त्यस्ता ठाउँमा जेनेरेटर सञ्चालनमा ल्याउन हामी पानीको सतह कम होस् भनी प्रतिक्षा गरिरहेका छौं,' आचार्यले भन्नुभयो।

सापटी सेवाका लागि एनसेलका प्रिपेड ग्राहकले एस्ट्रिक्स ९९८८ ह्यास डायल गरी प्राप्त निर्देशनअनुसार सापटी लिन सक्नेछन्। त्यसैगरी ग्राहकले ९९८८ नम्बरमा खाली एसएमएस पठाएर पनि सापटी लिन सक्नेछन्। सापटी स्वरूप प्राप्त रकम रिचार्ज गरेपछि मेन ब्यालेन्सबाट सेवा शुल्कसहित घटाइनेछ।

# एनआईसी एसिया बैंकले बोनस दिने

नेपाल समाचारपत्र

काठमाडौं

एनआईसी एसिया बैंकको सञ्चालक समितिको बैठकले आर्थिक बर्ष २०७३/७४ को लागि नेपाल राष्ट्र बैंक तथा बैंकको २० औं वार्षिक साधारणसभाको स्वीकृतिपश्चात शेयरधनीलाई चुक्ता पुँजीको २१ दशमलव शून्य ५ प्रतिशत लाभांश (२० प्रतिशत बोनस शेयर र कर प्रयोजनार्थ १ शून्य ५ प्रतिशत नगद लाभांश) वितरण गर्ने निर्णय गरेको छ। गत आव २०७३/७४ मा बैंकले खुद मुनाफा १ अर्ब ४७ करोड ३४ लाख ६५ हजार ९६७ रुपियाँ हासिल गर्न सफल भएको छ।

हालसम्म बैंकले देशभरि ११९ शाखा तथा ४ एक्स्टेन्सन काउन्टरबाट सेवा प्रदान गरिरहेको, बैंकका निक्षेप ग्राहक संख्या ५ लाख ५० हजारभन्दा बढी रहेको, बैंकका कर्जा ग्राहक संख्या २५ हजारभन्दा बढी रहेको र बैंकका डिजिटल बैंकिङ सेवा लिने सेवाग्राही संख्या २ लाख ५० हजार नाघेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

बैंकले ३ वर्ष अगाडि नै आफ्ना दीर्घकालीन रणनीति तर्जुमा गरेको र सो रणनीति कार्यान्वयनपश्चात् सन् २०२० सम्ममा बैंकका शाखा सञ्जाल ३०० र एटीएम संख्या १००० पुऱ्याउने लक्ष्य लिएको छ।






# रोशन र मनीता उत्कृष्ट



नेपाल समाचारपत्र

काठमाडौं

बन्दी सहायता नियोग (पाम) का रोशनबहादुर दोङ र त्रिभुवन आर्मी क्लबकी मनीता श्रेष्ठ प्रधान ८औं अम्बिकाबहादुर क्षत्री स्मृति खुला जुडो प्रतियोगितामा आइतबार उत्कृष्ट खेलाडी चुनिएका छन्। दुवै आ-आफ्नो तौलसमूहका विजेता हुन्। पहिलो दिन शनिबार रोशनले पुरुष ५५ केजीमुनि तथा मनीताले महिला ५७ केजीमुनि स्वर्ण जितेका थिए। मनीताले उत्कृष्ट इप्पोनको उपाधि पनि हात पारिन्। पुरुषमा उत्कृष्ट इप्पोनको उपाधि नेपाल प्रहरी क्लबका श्रीराम मकाजुले हात पारे।

स्व. अम्बिकाबहादुरका परिवारका प्रायोजनमा नेपाल जुडो संघद्वारा आयोजित प्रतियोगिताको दोस्रो तथा अन्तिम दिन पुरुष-महिलामा समान ४-४ स्पर्धामा प्रतिस्पर्धा भएको थियो। सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरको लुम्बिनी हलमा भएको पुरुष ६० केजीमा प्रहरीका उमेश मगरले स्वर्ण जिते। उनले फाइनलमा केन्द्रीय जुडो डोजोका किरण गडेललाई पराजित गरे। ७३ केजीमुनि प्रहरीका सन्जित डंगोल पहिलो भए। उनले आर्मीका जंगबहादुर सारूलाई फाइनलमा हराए। ९० केजीमुनि इप्पोनमा उत्कृष्ट ठहरिएका श्रीरामले फाइनलमा आर्मीका दिलबहादुर मगरलाई पाखा लगाउँदै पहिलो भए। सय केजीमाथि कुनै पनि प्रतिद्वन्द्वी नपाएका प्रहरीका राजन जोशी स्वत: विजेता बने।

महिलाको ४४ केजीमुनि बाँकेकी सोनिया भट्ट च्याम्पियन बनिन्। सोनियाले होप्याडकी पुष्पा भण्डारीमाथि फाइनलमा जित निकालिन्। ५२ केजीमुनि प्रहरीकी दिलकुमारी छन्त्याल र ६३ केजीमुनि आर्मीकी फुपूल्हामु खत्री पहिलो भए। उपाधि भिडन्तमा दिलकुमारीले केन्द्रीय जुडोकी रोजिना थापा मगर तथा फुपूले प्रहरीकी पूर्णा राईलाई निराश बनाए। ७८ केजीमुनि आर्मीकी पुनम श्रेष्ठ पहिलो भइन्। पुनमको स्पर्धामा पनि कसैले नाम दर्ता गराएन्।

राष्ट्रिय टिम छनोटको आधार मानिएको यस प्रतियोगितामा पुरुष/महिलामा समान ८-८ गरी १६ स्पर्धामा प्रतिस्पर्धा भएको थियो। पुरुषको ५५ केजीमुनि र महिलाको ४४ केजीमुनिबाहेक सबै स्पर्धामा पहिलो र दोस्रो हुने खेलाडी राष्ट्रिय टिममा छनोट भएका छन्। पुरुषको ५५ केजीमुनि र महिलाको ४४ केजीमुनि स्पर्धा राष्ट्रिय टिम तयारीमा राखिएको छैन। दुईदिने प्रतियोगितामा २३ टिमका १ सय ४० खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

प्रतियोगितामा आर्मीले सर्वाधिक ६ स्वर्ण, ४ रजत र ६ कांस्य जित्यो। दोस्रो स्थानमा रहेको प्रहरीले ६ स्वर्ण, २ रजत र ४ कांस्य हात पार्‍यो। २ स्वर्ण र २ कांस्यसाथ पाम तेस्रो स्थानमा रह्यो। केन्द्रीय जुडो डोजो र बाँकेले पनि १-१ स्वर्ण जिते। बाँकी टिम स्वर्णविहीन रहे।

### पदक विजेता सम्मानित

गत जुलाईमा भएको दुई फरक अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्न सफल दुई खेलाडी र उत्तिनै प्रशिक्षकलाई जुडो संघले नगदसहित सम्मान गरेको छ।

किर्गिस्तानको बिस्केकमा भएको १८औं जुनियर एसियाली जुडोकी कांस्य विजेता मनीता श्रेष्ठ प्रधानलाई १० हजार नगद पुरस्कार प्रदान गरियो। सो प्रतियोगिताका टिम प्रशिक्षक वीरेन्द्र रन्जित ६ हजार नगदबाट पुरस्कृत भए। त्यस्तै थाइल्यान्डको बैंककमा भएको नर्थ बैंकक अन्तर्राष्ट्रिय युनिभर्सिटी जुडोका कांस्य विजेता उमेश मगर ५ हजार नगदबाट सम्मानित भए। प्रशिक्षक सूर्यनारायण श्रेष्ठले ३ हजार नगद पुरस्कार पाए।

सम्मानित खेलाडी र पदक विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष लामा टेन्डी शेर्पालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

### श्रीराम छनोट

जुडो संघले पूर्वघोषणा गरेबमोजिम श्रीराम मकाजु पाँचौं अन्तर्राष्ट्रिय जुडो प्रतियोगिताका लागि छनोट भएका छन्। पुरुष ९० केजीमुनि तौलसमूहमा पहिलो खेलाडीलाई उक्त प्रतियोगितामा सहभागिताको अवसर दिने जुडो संघले घोषणा गरेको थियो। उक्त प्रतियोगिता अक्टोबर ५ तारिखमा ताजकिस्तानको दुसानबेमा हुँदै छ।

# नेपाली टोली बराबरीमा

काठमाडौं, (नेस)

जापान भ्रमणमा रहेको नेपाली राष्ट्रिय फुटबल टोलीले बराबरीको नतिजाबाट मैत्रीपूर्ण खेलको यात्रा शुरू गरेको छ।

नेपाली टोलीले आइतबारको मैत्रीपूर्ण खेलमा गाम्बा ओसाकाको यु-२३ टोलीसँग १-१ को बराबरी खेलेको हो।

ग्रिन साकाई कम्प्लेक्समा भएको खेलको २२ औं मिनेटमा गाम्बा ओसाकाले अग्रता लिएको थियो। तर, खेलको ३४औं मिनेटमा नवयुग श्रेष्ठले बराबरी गोल फर्काएको एन्फाले जनाएको छ। नेपालले अर्को मैत्रीपूर्ण खेल बुधबार खेल्नेछ। एएफसी एसियन कप छनोटअन्तर्गत अर्को महिना ताजकिस्तानसाग खेल्नुअघि तयारीका लागि नेपाली टोली जापानमा पुगेको हो।

## धरहरा

### कि कसो डा. साब ?



स्वास्थ्य क्षेत्रमा सुधारको माग गर्दै डा. गोविन्द केसीको अनशन तीन साता नाघिसकेको छ। स्वास्थ्य क्षेत्रको सुधारका लागि उहाँले जायज माग राखेर आन्दोलन गरिरहनुभए पनि अहिले तराई डुबानमा र पहाड पहिरोमा परेको बेलामा आन्दोलनको कार्यक्रम पुनर्विचार गर्नुपर्ने हो कि ? सरकारले उहाँको माग सुन्नुपर्थ्यो तर पूर्णरूपमा सुनेन।

यो सरकारको गल्ती हो। तर, सरकारले गल्ती गर्‍यो भनेर डा. केसीजस्तो प्रबुद्ध व्यक्तिले पनि मुलुक भयानक प्राकृतिक विपत्तिमा परेको बेलामा गैरजिम्बेवार बन्न मिल्दैन। उहाँको समर्थनमा रहेका होनहार चिकित्सक र युवाहरूलाई राजधानीमा अल्मल्याउनेभन्दा पनि उद्धारतिर खटाउने हो कि ?

मुलुक सामान्य अवस्थामा आएपछि मागका बारेमा फेरि कुरा गर्दै गरुम्ला। अहिलेलाई चाहिँ ध्यान विपद् व्यवस्थापनतिर पो लाउने हो कि ? के छ डा. साबको विचार ? धरहरालाई आशा छ कि उहाँले आफ्नो आन्दोलन टुंग्याउन बरु अबेर गर्नुहुनेछैन।

# १३औं साग आयोजना विषयमा छलफल

नेपाल समाचारपत्र

काठमाडौं

१३औं दक्षिण एसियाली खेलकुद (साग) आयोजना र नेपाल ओलम्पिक कमिटी (एनओसी) मा रहेको विवाद विषयमा संसदीय समितिले छलफल गरेको छ।

आइतबार सिंहदरबारस्थित महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण समितिअन्तर्गतको खेलकुद उपसमितिले १३औं साग आयोजना र एनओसी विवादका बारेमा सम्बन्धित पक्षहरूसँग छलफल गरेको हो। उपसमितिका संयोजक मोहन राईले नेपालमा हरेक पटक सरकार परिवर्तन र ठूला अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको समयमा नेपाली खेलकुदमा विवाद बढ्ने गरेको गरेको बताए।

एनओसी विवाद अहिले अदालती प्रक्रियामा रहेकोले १३औं साग आयोजना नै प्रमुख चुनौती रहेको उनले उल्लेख गरे। तोकिएकै समयमा १३औं साग आयोजना गर्ने तथा भौतिक पूर्वाधार कस्तो बनाउने भन्नेबारे गरिएको अन्तक्रियामा बोल्दै नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने एकमात्र संस्था आफू नेतृत्वको ओलम्पिक कमिटी भए पनि सरकार, मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्बाट उपयुक्त सहयोग नपाएको गुनासो गरे।

सरकारले २०६८ सालमै १३औं साग आयोजना गर्न सकिने निर्णय गरेको थियो। भूकम्पले पूर्वाधारमा क्षति पुगेपछि आयोजनामा शंका भए पनि सरकारले पूर्वाधार निर्माण गरी खेल आयोजना गर्न सक्ने निर्णय गरेको थियो।

सन् २०१८ का लागि तय भएको १३औं साग गत पुसमा नेपाल सरकारकै सल्लाहमा दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) ले १ वर्षपछि सार्दै सन् २०१९ को मार्च ९ देखिसम्म आयोजना गर्ने निर्णय गरेको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले भने- 'तर, त्यसयता पनि भौतिक पूर्वाधार निर्माणमा ठोस प्रगति हुन सकेको देखिन्न।' श्रेष्ठले १३औं साग आयोजनाका लागि आफूले नेतृत्व गरेको एनओसी मात्र आधिकारिक भएको पुन: दोहोर्‍याएका छन्। एसएओसीको पछिल्लो बैठकमा २८ खेल प्रस्ताव भएको र त्यसमा कम्तीमा २२ र बढीमा २५ खेल समावेश गर्ने सहमति बनेको स्मरण गराए। सागमा खेल प्रस्तावका लागि कम्तीमा पनि ४ देशको समर्थन हुनुपर्ने नियम रहेको छ।

भौतिक पूर्वाधारका लागि ठोस कदम अघि नबढे पनि सरकार र सरकारी निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले १३औं साग आयोजना गरी छाड्ने बताउँदै आएको छ।

एनओसी अध्यक्ष श्रेष्ठले सरकारले साधान स्रोत उपलब्ध गराएर जिम्मा दिएमा आफूहरू भौतिक निर्माणका लागि समेत तयार रहेको छलफलमा बताएका छन्। समितिको छलफलमा संसदहरूले ओलम्पिक कमिटीको विवाद रहेसम्म अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न असम्भव हुने बताए।

राष्ट्रिय खेलकुद परिषद्को सदस्यसमेत रहिसकेका समितिका संयोजक मोहन राईले ओलम्पिक कमिटीको विवाद समाधानका लागि उपयुक्त समय यही भएको बताए। ओलम्पिक कमिटीको आधिकारिकता बारेको पछिल्लो मुद्दाको फैसला आगामी भदौमा आउने अपेक्षा गरिएको छ।

# ग्रिनल्यान्ड र गोल्डेनपिक क्वार्टरफाइनलमा



काठमाडौं, (नेस)

आयोजक ग्रिनल्यान्ड र गोल्डेनपीक स्कुल १२औं क्विक्स ग्रिनल्यान्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

आइतबार भएको सिनियर ब्वाइजको खेलमा ग्रिनल्यान्डले सामाखुसी बोडिङ स्कुल (सेब) लाई ५७-४१ स्कोरको अन्तरले हरायो। ग्रिनल्यान्डलाई जित दिलाउन महत्त्वपूर्ण भूमिका निभाएका दिलिप पुन मगरले एक्लैले ३१ स्कोर गरे।

सिनियर ब्वाइजकै अर्को खेलमा गोल्डेनपिकले ज्ञान सिन्धुलाई ४८-३६ ले हरायो। गोल्डेनपिकको जितमा गोपाल भण्डारीले सर्वाधिक २० स्कोर गरेका थिए। दुवै टिमले समूह 'घ' बाट समान २-२ खेल जितेर १ खेलअगावै क्वार्टरफाइनलमा स्थान बनाएका छन्। मंगलबार यी दुई बीचको लिग चरणको अन्तिम खेलबाट समूह विजेता र उपविजेताको छिनोफानो हुनेछ।

सिनियर ब्वाइजमै समूह 'क' बाट एचएचसीए र समूह 'ख' बाट लक्ष्मीपुरले दुई खेलमा सफलता हात पार्दै एक खेलअगावै क्वार्टरफाइनलमा स्थान बनाएका छन्। एचएचसीएले अभियान पब्लिकलाई ४५-३५ ले हराउदा टोखाको लक्ष्मीपुर स्कुलले शंखमूलको इनोभेटिभ स्कुललाई ३१-२४ ले स्तब्ध बनायो।

धापासीस्थित आयोजक ग्रिनल्यान्ड स्कुलको कोर्टमा भएको जुनियर ब्वाइजको खेलबाट सफलता हात पार्दै सेब, ग्रिनल्यान्ड, एनइए, लालीगुराँस, मञ्जुगोक्ष, माउन्टग्लोरी, इडनब्रिज, मनास्लु र ओडिसी नकआउट चरणमा प्रवेश गरेका छन्। जुनियर ब्वाइजको खेलमा बीएनएले पोलिफिकलाई १६-१४ ले हराउँदा मञ्जुगोक्षले एचएचसीएलाई ३०-१४ ले स्तब्ध बनायो। ओडिसीले कान्तिपुरलाई १०-६ को स्कोरमा रोक्यो।

# टोटनह्यामको विजयी शुरूआत

लन्डन, (एजेन्सी)



इंग्लिस प्रिमियर लिगअन्तर्गत आइतबार भएको खेलमा टोटनह्याम हटस्पोरले विजयी शुरूआत गरेको छ।

विजयी शुरूआत गर्नेक्रममा टोटेनह्यामले न्युक्यासल युनाइटेडलाई २-० ले पराजित गरेको हो। पहिलो हाफसम्म गोलरहित टुंगिएको उक्त खेलको ४८औं मिनेटमा न्युक्यासल १० जनामा खुम्चिएको थियो। न्युक्यासलका सल्भे रातोकार्डको शिकार बनेका थिए। जसको फाइदा टोटनह्यामका डेल्ले अलिले ६१औं मिनेटमा गोल गर्दै उठाए। यसै गरी खेलको ७०औं मिनेटमा बेन डेभिसले अर्को गोल गरेपछि टोटनह्यामको जित पक्का बन्यो।

यसअघि शनिबार भएको खेलमा डिफेन्डिङ च्याम्पियन चेल्सीले सिजनको पहिलो खेलमा नै पराजय भोग्नुपर्‍यो। ९ खेलाडीमा सिमित चेल्सीलाई उसैको घरेलु मैदान स्ट्यामफोर्ड ब्रिजमा बर्नलीले ३-२ गोलअन्तरले हराएको हो। कप्तान ग्यारी काहिलले खेलको १४औं मिनेटमा नै रातो कार्ड देखेपछि चेल्सीलाई झट्का लागेको थियो। स्टेफन डेफोरलाई फाउल ट्याकल गरेकाले रेफ्रीले केहिललाई रातोकार्ड देखाएका थिए। बर्नलीले त्यसको फाइदा पहिलो हाफमा नै उठायो। १० जनामा सीमित चेल्सी पहिलो हाफमै ३-० ले पछि परेको थियो। स्याम भोक्सले खेलको २४औं मिनेटमा गोल गरेपछि बर्नलीको गोलको खाता खोलेका थिए।

यस्तै खेलको ३९औं मिनेटमा स्टेफन वार्डले उत्कृष्ट गोल गरेपछि बर्नलीको अग्रता दोब्बर बन्यो। खेलको ४३औं मिनेटमा भोक्सले व्यक्तिगत दोस्रो गोल गर्ने क्रममा डेफोरको क्रसमा हेडमार्फत् गोल गर्दै बर्नलीको गोल संख्या ३ पुर्‍याए।

दोस्रो हाफमा चेल्सीले सुधारिएको प्रदर्शन गर्‍यो। विलियन्सको पासमा अल्भारो मोराटाले खेलको ६९औं मिनेटमा गोल फर्काउँदै चेल्सीलाई खेलमा फर्काउने प्रयास गरेका थिए। तर, खेलको ८१औं मिनेटमा सेच फेब्रिगासले रातोकार्ड पाएपछि चेल्सी ९ खेलाडीमा सीमित भयो। तैपनि हारबाट जोगिने प्रयासलाई जारी राखेका चेल्सीको तर्फबाट खेलको ८८औं मिनेटमा डेभिड लुइजले गोल गरेपछि चेल्सीले गोलअन्तरलाई कम गर्‍यो। तर, उक्त गोल हारलाई भने टार्न भने पर्याप्त बनेन। योसँगै चेल्सीले सिजनको पहिलो खेलमा हार आत्मसात गर्दै निराशाजनक शुरूआत गर्न बाध्य बन्यो।

### रुनीको गोलमा इभर्टनको जित

म्यानचेस्टर युनाइटेडबाट जारी सिजनमा एभर्टन पुगेका वायने रुनीको गोलमार्फत् स्टोक सिटी १-० ले पराजित भएको छ।

इभर्टनको घरेलु मैदानमा शनिबार भएको उक्त खेलको पहिलो हाफको इन्जुरी समयमा रुनीले हेडमार्फत् गोल गर्दै एभर्टनलाई अग्रता दिलाएका थिए। जुन खेलकै निर्णायक सावित बन्यो। प्रिमियर लिगमा रुनीको यो १ सय ९९औं गोल हो। १३ वर्षपछि एभर्टन फर्केका ३१ वर्षीय रुनीको विजयी गोलसँगै पछिल्लो ५ वर्षयता पहिलोपटक एभर्टनले सिजनको पहिलो खेलमा जित हासिल गरेका छन्।

### सिटीको विजयी शुरूआत

यसै सिजन प्रिमियर लिगमा बढुवा भएको ब्राइटन एन्ड होभ आल्बिएनलाई २-० ले पराजित गर्दै म्यानचेस्टर सिटीले पनि जारी सिजनमा विजयी शुरूआत गरेको छ।

ब्राइटनको घरेलु मैदान एमेक्स रंगशालामा शनिबार खेलिएको उक्त खेलको पहिलो हाफ बराबरीमा टुंगिएको थियो। सिटीको जितमा खेलको ७०औं मिनेटमा डेभिड सिल्भाको पास सदुपयोग गर्दै सर्जियो अगुएरोले पहिलो गोल गरेका थिए।

यस्तै खेलको ७५औं मिनेटमा सिटीले आत्मघाती गोलको मद्दतले अग्रता दोब्बर पार्‍यो। फर्नान्डिन्होको क्रसमा गाब्रियल जेससलाई रोक्ने क्रममा डिफेन्डर लेविसले आफ्नै गोलपोस्टमा बल छिराउन पुगेका थिए।

प्रिमियर लिगअन्तर्गत शनिबारै सम्पन्न अन्य खेलहरूमा हर्डरफिल्डले क्रिस्टल प्यालेसमाथि ३-० को जित निकाल्दा वेस्टब्रुमबिचले बर्नमाउथलाई १-० ले हराएको थियो। यस्तै वार्टफोर्ट र लिभरपुलले ३-३ तथा साउथह्याम्टन र स्वान्सी सिटीले गोलरहित बराबरी खेल्दै अंक बाँडे।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ